जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

डेंगीबाट बचौं
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरम राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष २५ • अंक ३४१ • २०८१ साल बैशाख २७ गते विहीबार (9 May, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपामा फर्कनेहरु बढ्दै

**अनिल तिवारी**


वीरगञ्ज । वीरगञ्ज लगायतका स्थानहरुमा वरिष्ठ नेताहरुबाट पीडितबनेका स्थानीय नेताहरु जनता समाजवादी पार्टी नेपालमा फर्कने भएका छन् ।

वीरगञ्ज महानगरपालिकाका पूर्व मेयर बिजयकुमार सरावगी एमालेबाट राजीनामा दिएर जसपा नेपालमा फर्कन लागेका छन् ।

पूर्व मेयर सरावगीले केन्द्रीय अध्यक्षलाई दिएको राजीनामा आफू सक्रिय रुपमा राजनीति गर्दै आए पनि पार्टीले सक्रिय भूमिकाबाट पनि निष्क्रिय बनाएकोले साधारण सदस्य समेतबाट राजीनामा दिएको उल्लेख गरिएका छन् ।

जसपा नेपालको विभाजनसंगै पूर्व मेयर सरावगीले एमालेको कुनै पदमा नरहेको बताए । नवगठित जनता समाज पार्टीमा सांसद प्रदीप यादव र मेयर राजेशमान सिंहको सक्रियताले सरावगीलाई पुनः पार्टी छाडन बाध्य बनाएको छ ।

सुरु देखि प्रदीप यादवका कारण आफू उपेन्द्र यादवको पार्टी छाडेको भन्दै आएका पूर्व मेयर सरावगीलाई प्रदीप यादव र बर्तमान मेयर राजेशमान सिह भविष्यमा नेकपा एमालेमा जाने चर्चाले सरावगीलाई पुनः पुरानै घर फर्किने राजनीतिक विश्लेषकहरुको भनाइ छ ।


श्री अध्यक्षज्यू
नेकपा एमाले केन्द्रीय समिति ।

मिति : २०८१/०१/२६

विषय : राजीनामा सम्बन्धमा ।

म नेकपा एमालेमा २०७८ साल मंसिर देखि सक्रिय रुपमा लाग्दै आएको छु । गत स्थानीय निर्वाचनमा नेकपा एमालेको तर्फबाट वीरगञ्ज महानगरपालिकामा प्रमुख पदको उमेदवार भएको कुरा यहाँलाई बिदितै छ । मलाई विश्वास गरेर पार्टीको तर्फबाट वीरगञ्ज महानगरपालिकाको मेयर पदको उमेदवार बनाउनु भएकोमा श्रद्धेय पार्टी अध्यक्ष माननीय केपी शर्मा ओली र नेकपा एमाले प्रति सदैव ऋणी रहने छु । २०७८ साल भन्दा अघि म जनता समाजवादी पार्टीमा आवद्ध रही वीरगञ्ज महानगरपालिकाको मेयरमा निर्वाचित भएको थिए । हाल मलाई पार्टीको केन्द्रीय सल्लाहकार पदमा मनोनित गरिएको छ । म सक्रिय राजनीतिमा लागेपछि पार्टी भित्र मेरो हैसियत अनुसारको भूमिका रहने अपेक्षा मैले लिएको थिए । पार्टीको भूमिकाले मलाई राजनीतिमा सक्रिय भन्दापनि निस्क्रिय बनाएर राख्ने खालको अवस्था देखिएकोले आजैका मिति देखि लागु हुनेगरी नेकपा एमालेको साधारण सदस्य समेत नरहनेगरी राजीनामा गरेको छु । मेरो राजीनामा स्वीकृत गरी स्वतन्त्र रुपमा जनताको विचमा गएर काम गर्ने वातावरण बनाउनु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

धन्यवाद । लालसलाम

विजय कुमार सरावगी
वीरगञ्ज, पर्सा ।
पार्टी सदस्यता नं १५१६८९४

नेकपा एमालेमा मेयर राजेशमानको बढदै गएको घुष्पैठ र हालै एमाले पर्साको नवौ जिल्ला अधिवेशनबाट विश्वम्भर शर्मा खेमाको एकलौटी जितले पनि सरावगीलाई पुरानै घर फर्किने सम्भावना बढाएको जसपाको एक नेताले बताए ।

वीरगञ्ज महानगर भित्र जसपा नेपालबाट निर्वाचित १३ वटा वडाध्यक्ष मध्ये ८ वटा वडाध्यक्ष आफ्नो सम्पर्कमा रहेको जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश यादवले बताए । पार्टीमा भएको विभाजनबारे अध्यक्ष यादवले अन्तर्घातिहरुको एउटा खेमा बाहिरिए पनि पर्सामा खासै फरक नपर्ने बताए । उनले भने-'मेयर सरावगी मात्र होइन, दादागीरी र गुन्डागर्दीको आतंकले आजिज भएर जसपा त्यागेका सबै नेतासंग घर फिर्तीको कुरा चलिरहेको छ, समय आएपछि सबै खुलासा हुदै जान्छ ।'

### निर्वाचन आयोग र अदालत विवादमा
# अध्यक्ष यादव भरपाईको प्रयासमा, महाधिवेशन निर्धारित समयमा

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधान एवम् स्वास्थ्य मन्त्री समेत रहेका जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले निर्वाचन आयोगले अवैधानिक रूपमा पार्टी विभाजन गराउने काम गरेको आरोप लगाउँदै त्यसविरुद्ध कानुनी उपचार खोज्ने बताएका छन् ।

काठमाण्डुमा बुधबार पत्रकार सम्मेलनको आयोजन गरी उनले निर्वाचन आयोगमा दल दर्ता सम्बन्धी ऐन नभएको बेलामा गैरकानुनी तरिकाले रातारात पार्टी दर्ता गर्ने काम भएको बताए । इतिहासमा पहिलो पटक यसरी पार्टी दर्ता भएको भन्दै उनले यसको विरुद्धमा अदालतमा जाने बताए । सैद्धान्तिक तथा वैचारिक रुपमा पार्टीमा कुनै समस्या नरहेको उल्लेख गर्दै उनले अलग भएका नेताहरूले पार्टी विभाजन गर्दा कुनै तर्क दिन नसकेको बताए। उनले व्यक्तिको व्यक्तिगत महत्वकांक्षा पूरा गर्न नसकिने बताउँदै अहिले जुन नयाँ पार्टी दर्ता भएको छ त्यो असंवैधानिक रहेको बताए । सरकारकै प्रतिनिधिका रूपमा राष्ट्रसंघीय सम्मेलनमा सहभागी भएका



बेला गैरकानुनी रूपमा पार्टी फुटाइएको समेत अध्यक्ष यादवले आरोप लगाए । उनले भने-'म नेपाल सरकारको प्रतिनिधि भएर विश्व जनसंख्या विकास सम्मेलनमा भाग लिन संयुक्त राष्ट्र संघमा गएको बेलामा मौका छोपेर एउटा हल्ला चलाइयो। हल्ला के चलाइयो भन्दा जसपा र एकीकृत समाजवादी कांग्रेससँग मिलेर यो सरकार ढाल्दै छ भनेर। त्यो हल्ला अत्यन्तै निराधार, अत्यन्तै कपोलकल्पित हल्ला चलाइयो, जसको कुनै बेस नै छैन' अध्यक्ष यादवले भने । जसपा नेपालको महाधिवेशनको तीव्र तयारी भइरहेको बेला स्वार्थका आधारमा पार्टी फुटाइएको पनि उनले बताए। पार्टीभित्र सैद्धान्तिक र वैचारिक कुनै भिन्नता नरहेको उनले बताए। पार्टीको महाधिवेशन आयोजनाको तयारी तीव्र भइरहेका बेलामा केही व्यक्तिले अत्यन्तै महत्वाकांक्षी स्वार्थकेन्द्रित व्यक्तिहरूले पार्टी फुटाएको अध्यक्ष यादवले बताए ।

जसपा नेपाल फुटाउने नेताहरूलाई पटक-पटक अवसर दिएको पनि उनको भनाइ छ । अध्यक्ष यादवले भने, 'सांसद बनेकै छन्, मन्त्री बनेकै छन्, त्यहाँभन्दा बढी त बनाउन सकिने अवस्था छैन । कार्यवाहक अध्यक्ष दिएरै गएको हो। सांसद बनाएकै हो। पहिले पनि मन्त्री बनाएको हो। अहिले पनि मन्त्री बनेकै थिए।' जसपा नेपाल फुटाउनमा बाहिरी शक्तिको हात रहेको भन्ने भ्रमबाट मुक्त हुन अध्यक्ष यादवले आग्रह गरे । उनले ठूला दलका नेताहरूलाई भ्रममा नपर्नसमेत आग्रह गरे । उनले भने, 'ठूला नेताहरूलाई पनि म के भन्न चाहन्छु भने उहाँहरू भ्रमबाट अब मुक्त हुनु होस् । सिसाको घरमा बसेर अर्काको घरमा ढुंगा हान्नु हुँदैन ।' उनले पहिचान र मधेशका मुद्दाका साथै संघीयतालाई धरापमा पार्ने गरी पार्टी फुटाउने काम भएको बताए । उनले पार्टीको महाधिवेशन निर्धारित समयमै हुने जानकारी समेत दिएका थिए । जसपा जेठ २८, २९ र ३० गतेकालागि राष्ट्रिय महाधिवेशन तोकेका छन् ।

यता, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सर्वोच्च अदालत र निर्वाचन आयोगको कदमलाई नजिकबाट हेरिरहेको बताएका छन् । बुधबार बिहान आफ्नो निवास बुढानीलकण्ठमा गण्डकी प्रदेशसभाका कांग्रेस सांसदहरूसँगको भेटवार्तामा देउवाले अदालत र आयोगका गतिविधिलाई नजिकबाट हेरिरहेको बताए । गण्डकी प्रदेशसभामा एमालेका खगराज अधिकारीलाई सभामुखले समेत विश्वासको मत दिएर बहुमत पुऱ्याएको घटनाक्रमबारे जानकारी गराउन प्रदेश सांसदको टोलीले बिहान बुढानीलकण्ठ पुगेर देउवालाई भेटेको थियो।

गण्डकीमा प्रदेश सरकारले विश्वासको मत लिनका लागि अदालतको फैसला अस्वाभाविक देखिएको सांसदहरूले सभापतिसँग कुरा राखेका थिए । त्यसविरुद्ध मंगलबार कांग्रेसले सर्वोच्चमा रिट दायर गरेको छ । न्यायिक लडाइका लागि सर्वोच्चमा गएको र राजनीतिक मोर्चाबाट पनि खबरदारी गर्नुपर्ने अवस्था रहेको आफूहरूले सभापतिलाई सुनाएको सुवेदीले बताए । देउवाले सभापति देउवाको कम्युनिस्टहरू सत्ता कब्जाको शैलीविरुद्ध लड्न तयार रहेको बताएका थिए ।

निर्वाचन आयोगले जसपा नेपाल फुटाउन हतार गरेकोमा पनि देउवा रुष्ट देखिएका छन् । 'गण्डकी प्रदेशबारे सर्वोच्चको फैसला र जसपा नेपाल विभाजन गर्न निर्वाचन आयोगले गरेको हतार स्वाभाविक छैन भनेर सभापतिजीले भन्नुभयो,' सुवेदीले भने ।







जनकपुर टुडे



# थालेसीमिया संवाहक हो/होइन भनेर समयमै रगत परीक्षण गराउने कि !



काठमाण्डु।विश्वथालेसीमिया दिवस बुधबार नेपालमा पनि विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइएको छ। यस दिवसका अवसरमा थालेसीमिया बिरामी एवं चिकित्सकहरुले सबैका लागि समान र पहुँचयोग्य उपचारका लागि जोड दिएका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा दीपेन्द्ररमण सिंहले वीर अस्पताल,हेमाटोलोजी एकाइद्वारा आज यहाँ आयोजित कार्यक्रममा थालेसीमिया रोगसम्बन्धी उपचारलाई सातै प्रदेशका स्वास्थ्य संस्थामा जोड्न सक्नुपर्ने बताउनुभयो। यस रोगको रोकथाम र उपचारको सहच पहुँचका लागि मन्त्रालयले प्राथमिकता दिएको उहाँको भनाइ छ।

उक्त कार्यक्रममा थालेसीमियाका बिरामी दीपा केसीले आफ्नो अनुभव सुनाउँदै महँगो औषधि र उपचारबारे सरोकारवाला निकायको ध्यानार्कषणसमेत गराउनुभयो। "वीर अस्पतालभित्रै सबै औषधि उपलब्ध छैनन् । औषधि र उपचार खर्चिलो भएका कारण यस रोगका धेरै बिरामी साथीहरु उपचारबाट वञ्चित हुनुहुन्छ", उहाँले भन्नुभयो।

चिकित्सकका अनुसार थालेसीमिया अर्थात् अपुष्ट रक्तकोष रगतसम्बन्धी हुने विभिन्न रोगहरुमध्ये अनुवंशीय रोग हो। देशभरको मध्य पहाडी भूभागदेखि सम्पूर्ण दक्षिणी भूभाग तथा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका बिरामी भेटिएको र विशेष गरेर तराईमा र त्यहाँका बासिन्दामा यो रोग बढी मात्रामा देखिएको छ। नेपाल अपुष्ट रक्तकोष समूहका अनुसार नेपालमा थालेसीमिया संवाहकहरुको संख्या कूल जनसंख्याको चार प्रतिशत रहेको छ। एक अध्ययनअनुसार नेपालमा थालेसीमियाका बिरामीको वार्षिक जन्म तीन सय २७ छ। यो रोग तीन महिनादेखि पाँच/छ वर्षसम्म उमेरका बच्चाहरुमा देखिन्छ। अझ कसैलाई १० देखि १२ वर्षमा पनि देखिन्छ।

यस रोगका रोगीलाई बचाउनका निम्ति आजीवन रगत तथा अन्य औषधि दिई रहनुपर्छ। यो रोगबाट मुक्ति पाउने अन्य कुनै भरपर्दो उपचार छैन यसर्थ बच्चा जन्माउनुपूर्व नै यो रोगबाट सचेत हुनु एकमात्र यसको भरपर्दो उपचार हो। वीर अस्पतालको हेमाटोलोजी एकाइका प्रमुख डा निरजकुमार सिंहका अनुसार यस रोगका बिरामीको यकिन तथ्याङ्क छैन।

"तर झण्डै पाँच हजार बिरामी, जसलाई रगतको आवश्यक हुन्छ। रगत नचाहिने अझ धेरै छन् । सबैलाई रगत आवश्यक हुँदैन। चालिस प्रतिशतलाई मात्र रगत आवश्यक हुन्छ", उहाँले भन्नुभयो।

उहाँका अनुसार वीर अस्पतालबाट दैनिक यस रोगका १२ जनासम्म बिरामीले उपचार सेवा लिने गरेका छन् । तर हेमाटोलोजी चिकित्सक र स्टाफ नर्सको दरबन्दीको अभावका कारण उपचार सेवालाई विस्तार गर्न नसकिएको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो । अहिले उक्त एकाइमा डा सिंह रचार जना नर्सले अस्थायी दरबन्दीमा सेवा दिँदै आउनुभएको छ।

प्रमुख डा सिंहले सरकारले यस रोगका लागि उपलब्ध गराउँदै आएको रु एक करोड पर्याप्त नभएको बताउनुभयो । उहाँले यस रोगको रोकथाम सरकारको प्राथमिकतामा राख्नपर्ने माग गर्नुभयो । नेपाल अपुष्ट रक्ताकोष समूह समूहमा दुई सय ४० जना यस्ता बिरामी दर्ता भएका छन्। तीनमा एक सय ४० जना नियमित रगत चढाइरहेका छन्।

"संस्थामा आबद्ध भएका बिरामीलाई निःशुल्क रगत तथा रगत चढाउने सेवाका साथै चिकित्सक सेवा पनि संस्थाको केन्द्रबाट उपलब्ध भइरहेको छ", उक्त समूहका अध्यक्ष अशोक खरेलले भन्नुभयो, "नेपालमा छ सयभन्दा बढी यस्ता बिरामीले धैरै समस्याका साथ उपचार गराएर मुस्किलले बाँचिरहेको अनुमान गर्न सकिन्छ।" कमजोर आर्थिक अवस्थाका कारणले आवश्यक नियमित उपचार गराउन नसकेको उहाँले गुनासो गर्नुभयो।

यो रोग कसरी लाग्छ ?

वंशाणुगत रोग विशेषज्ञ डा निलम ठाकुरका अनुसार यो वंशाणुगत रोग हो । बाबु तथा आमा दुवैतर्फका पुस्ताबाट यो अघिल्लो पुस्तामा सर्दछ। यस रोगको मुख्य कारक थालेसीमियाको संवाहकमा भरपर्दछ । चिकित्सकका अनुसार थालेसीलिया मुख्य गरी दुई प्रकारका, आलेसीमिया माइनर र थालेसीमिया मेजर हुने गर्छ । थालेसीमिया संवाहकहरू आजीवन स्वस्थ्य रहन्छन, लेसीमिया रोगको कुनै पनि लक्षण उनीहरूको जीवनमा देखिँदैन। रगत परीक्षण गराएपछि मात्र यसको संवाहक हो वा होइन भनेर छुट्याउन सकिन्छ।

थालेसीमिया संवाहक भएका दम्पतीबाट बच्चालाई जन्म दिएपछि थालेसीमिया मेजर भएको बच्चा जन्मिने सम्भावना हुन्छ।

यस्ता दम्पतीबाट जन्मने हरेक पटकको बच्चामा थालेसीमिया मेजर हुने सम्भावना २५ प्रतिशत हुने चिकित्सकहरु बताउँछन्।

थालेसीमिया माइनर हुने सम्भावना ५० प्रतिशत हुन्छ तथा स्वस्थ्य बच्चा जन्मिने सम्भावना २५ प्रतिशत मात्र हुन्छ । दम्पतीमा एकजना मात्र थालेसीमिया माइनर छ भने हरेक पटकको बच्चामा थालेसीमिया माइनर हुने सम्भावना २५ प्रतिशत मात्र हुन्छ तर थालेसीमिया मेजर चाँही हुँदैन ।चिकित्सकका अनुसार अन्य कुनै तरिकाबाट यो रोग अरूमा सर्दैन। थालेसीमिया माइनर भएका कतिपय व्यक्तिले रक्तदान पनि गर्ने गरेका छन्।

***थालेसीमियाका लक्षण***

यस रोग भएका बच्चा जन्मिएको दश हप्तासम्म स्वस्थ्य देखिन्छ । दश हप्तादेखि दुई वर्षभित्रमा बच्चा अस्वस्थ्य देखिन थाल्छ । विशेष गरी बच्चा नफस्टाउनु, पेट ठूलो हुँदै जानु, हातखुट्टा सुक्दै जानु, नङ, हत्केला, पैताला, ओठ र आँखा सेतो हुँदै जानु, बच्चामा रगतको कमी देखिनु यस रोगका मुख्य लक्षण हुन्।

धेरै प्रकारका परीक्षणपछि मात्र चिकित्सकहरू थालेसीमिया हो भन्ने निष्कर्षमा पुग्दछन्। अझै पनि नेपालका धेरै अस्पतालमा यस रोगको राम्रोसँग निदान र पहिचान हुन नसकिरहेको बिरामीको गुनासो छ।

***थालेसीमियाको उपचार***

"यो रोगबाट मुक्ति पाउने भरपर्दो उपचार आजसम्म केही पनि छैन", वंशाणुगत रोग विशेषज्ञ डा ठाकुरले भन्नुभयो। बोनम्यारो ट्रान्सप्लान्टबाट यो रोगको उपचार गर्नसकिन्छ।तर बोनम्यारोको म्याच पाउन निकै दुर्लभ हुने गर्छ। देशभित्र यस प्रकारको उपचार सुविधा नभएका कारण विदेश गएर उपचार गराउँदा लाग्ने खर्च महँगो हुने गरेको डा ठाकुरले बताउनुभयो । बिरामीले नियमित रगत र आवश्यकताअनुसार नियमित औषधि सेवन गर्दै आउने गरेका छन्।

***थालेसीमियाको रोकथाम***

विवाहपूर्व र ढिलो बच्चा गर्भमा आउनुपूर्व थालेसीमिया संवाहक हो/होइन भनी रगत परीक्षण गराउन सके यस रोगको रोकथाम गर्न सकिने चिकित्सकको सुझाव छ।

# नेपालमा पनि मनाइयो विश्व रेडक्रस दिवस

काठमाण्डु । विश्व रेडक्रस दिवसका अवसरमा बुधबार नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा मूल समारोहको आयोजना गरी दिवस मनाइएको छ । सो अवसरमा नेपालमा पनि रेडक्रस अभियानअन्तर्गत अङ्गका प्रमुखहरूले संयुक्त रूपमा रेडक्रसको झन्डोत्तोलन गर्नाका साथै 'जँ हेनरी ड्युना'को तस्बिरमा माल्यार्पण गर्नुभएको थियो।

सन् १८६३ मा विश्वमा रेडक्रस अभियानको सूत्रपात गर्ने रेडक्रस अभियानका संस्थापक जँ हेनरी ड्युनाको जन्मदिनको अवसर पारेर हरेक वर्ष मे ८ मा यो दिवस मनाइन्छ। यस वर्ष 'मानवतालाई जीवित राखौं' भन्ने मूल नाराका साथ दिवस मनाइएको छ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका कार्यवाहक अध्यक्ष राधा नेपालीले यस वर्षको विश्व रेडक्रस दिवसको महत्वमाथि प्रकाश पार्दै मानवतालाई जीवित राख्न रेडक्रसले प्रदान गर्ने सेवाहरू मानवीय सेवाभावले ओतप्रोत हुनुपर्ने बताउनुभयो । उहाँले सोसाइटीद्वारा सञ्चालित गतिविधिहरूमा मानवता झल्केको बताउँदै रेडक्रसको शिर उच्च राख्न रेडक्रसकर्मीहरू अहोरात्र लागिरहेको बताउनुभयो।

सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले नेपाल रेडक्रस सोसाइटीले आफ्नो स्थापनाकालदेखि नै मानवीय विपत्ति कम गर्न सरकारको सहयोगीका रूपमा क्रियाशील रहेको बताउनुभयो । उहाँले मानवतामा देखिएका चुनौती कम गर्न सरकार र रेडक्रसलगायत संस्था एकीकृत रूपमा अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

सोसाइटीका कोषाध्यक्ष वीरबहादुर बस्नेतले विश्व रेडक्रस दिवसका दिन रेडक्रसकर्मीहरूले आफ्ना कमीकमजोरीलाई सुधार गर्नाका साथै अभियानका सात सिद्धान्तको पालना गर्दै एकताबद्ध भई अगाडि बढ्न प्रण गर्नुपर्ने बताउनुभयो।

रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) का नेपाल प्रमुख अजमत उल्लाले रेडक्रस अन्य गैरसरकारी संस्था (एनजिओ) भन्दा फरक रहेको बताउँदै यसले सात सिद्धान्तको पालना गर्दै विश्वव्यापी रूपमा सम्बन्धित देशको सरकारको सहयोगीका रूपमा सहयोग पुऱ्याइरहेको जानकारी दिनुभयो।

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) नेपाल




प्रमुख सन्देश श्रेष्ठले नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकले समुदायमा पहिलो उद्धारकर्ताका रूपमा पुऱ्याइरहेको सेवाको प्रशंसा गर्दै नेपालमा रेडक्रस कानुन बनाउनुपर्ने बताउनुभयो । सरकारसँग समन्वय गरी कानुन बनाइनुपर्ने भन्दै यसका लागि सहकार्य र सहयोग गर्न आइसिआरसी प्रतिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो।

युवा रेडक्रस सर्कल ठैव ललितपुरकी सर्कल अध्यक्ष सिवानी थापामगरले मानवीय सेवा गर्दा खुसी प्राप्त हुने बताउँदै मानवीय पीडा कम गर्न र मानवतालाई जोगाई राख्न युवाहरूको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापाले दिवसको मूल समारोह कार्यक्रमको सञ्चालन गर्नुभएको थियो।

सो अवसरमा रेडक्रस अन्तर ाष्ट्रिय महासङ्घअन्तर्गत हाल विश्वका एक सय ९१ राष्ट्रमा राष्ट्रिय सोसाइटी रहेको जनाउँदै उहाँले नेपाल रेडक्रस सोसाइटीमा नौ लाखभन्दा बढी सदस्य मानवीय सेवाका गतिविधिमा संलग्न रहेको बताउनुभयो।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरू, प्रदेशका प्रतिनिधि, रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घ तथा अन्तर्राष्ट्रिय समितिका प्रतिनिधि र कर्मचारी, साझेदार राष्ट्रिय सोसाइटीका प्रतिनिधि, युवा स्वयंसेवक, नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका कर्मचारीलगायतको उपस्थिति थियो । बुधबार केन्द्रीय कार्यालयमा आयोजित रक्तदान कार्यक्रमा केन्द्रीय कार्यालयका कर्मचारीले रक्तदान गर्नुभएको थियो।

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) रेडक्रस अभियानको एक अभिन्न अङ्गका रूपमा विसं २०२० भादौ १९ गते स्थापना भएको थियो । हाल रेडक्रसका सातै प्रदेशमा प्रदेश कार्यालय, ७७ जिल्लामा जिल्ला शाखा कार्यालय, सबै स्थानीय तहमा गरी एक हजार छ सय १५ उपशाखा कार्यालय र छ हजार नौ सय ३४ जुनियर तथा युवा सर्कलहरू रहेका छन् । समुदायस्तरसम्म फैलिएका यी साङ्गठनिक निकायहरूमा नौ लाख ३० हजार सदस्य तथा स्वयंसेवक आबद्ध छन् ।रासस

# रौतहटका १३ पालिका पूर्ण खोप घोषणा, ५ पालिका वैशाखको अन्तिमसम्म घोषणा गर्ने तयारी

दिलीप पाण्डेय




रौतहट। रौतहटमा पूर्ण खोप जिल्ला घोषणा गर्ने अभियान अन्तर्गत पालिकाहरू पूर्ण खोप घोषणा गर्ने कार्य सञ्चालन भएका हुन्।

रौतहट जिल्लामा रहेको १८ पालिका मध्ये १३ स्थानीय तह पूर्ण खोप घोषणा भइसकेका छन्।

स्वास्थ्य कार्यालय रौतहटका सूचना अधिकारी एवं खोप फाँट प्रमुख अनिल कुमार कर्णले १३ वटा स्थानीयतह मापदण्ड पूरा गरेर पूर्ण खोप पालिका घोषणा भइसकेको र ५ वटा स्थानीय तह वैशाखको अन्तिमसम्म घोषणाको तयारीमा रहेको जानकारी दिएका छन्।

पूर्ण खोप पालिका घोषणा भएको नगरपालिकामा गौर नगरपालिका, दुर्गा भगवती गाउँपालिका, इशनाथ नगरपालिका, राजपुर नगरपालिका, देवाही गोनाही नगरपालिका, फतुवा विजयपुर नगरपालिका, गुजारा नगरपालिका, चन्द्रपुर नगरपालिका, वृन्दावन नगरपालिका, गरुडा नगरपालिका, माधवनारायण नगरपालिका, परोहा नगरपालिका र बौद्धिमाई नगरपालिका रहेका छन्।


माघदेखि चैत महिनासम्म खोप लिनबाट वञ्चित भएका बालबालिकाको तथ्यांक संकलन गरी बाँकी रहेको खोप लगाई पूर्ण खोप घोषणा गर्ने तयारी गरेको सूचना अधिकारी कर्णले बताए।

जन्मदेखि १५ महिना तथा १६ महिनादेखि ५९ महिनाको बालबालिकालाई खोप लगाउने गरेको छ।

जेठ महिनाको दोस्रो हप्तामा रौतहट जिल्ला नै पूर्ण खोप जिल्लाको रूपमा घोषणा गरिने तयारी तीव्र रूपमा भइरहेको र बाँकी रहेको ५ वटा पालिका पूर्ण खोप घोषणाको अन्तिम चरणमा रहेको उनले बताए।

सूचना अधिकारी कर्णका अनुसार वैशाख २७ गते यमुनामाई गाउँपालिका, २८ गते मौलापुर नगरपालिका, वैशाख २९ गते राजदेवी नगरपालिका, वैशाख ३१ गते गढिमाई नगरपालिका र जेठ २ मा कटहरिया नगरपालिका घोषणा हुने तयारीमा रहेको छ।

# 'दक्षिण कोरियामा गुणस्तरीय शिक्षा र रोजगारीको अवसर'



काठमाण्डु। दक्षिण कोरियामा जन्मदर घटेसँगै दक्ष युवा कामदारको माग बढेकाले त्यहाँ नेपालजस्ता विकासोन्मुख मुलुकका विद्यार्थी र कामदारका लागि राम्रो सम्भावना हुनसक्ने नेपाल भ्रमणमा रहेका कोरियाली प्राध्यापक र अधिकारीले बताएका छन्।

शैक्षिक परामर्श सङ्घ, नेपाल (केइक्यान) ले कोरियाको शिक्षा प्रणालीका विषयमा बुधबार आयोजना गरेको कार्यक्रममा कोरियाको फाराइस्ट विश्वविद्यालयका प्रा डा लिउ की आइएलले आफ्नो विश्वविद्यालयले अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय र उत्पादनमूलक शिक्षा दिइरहेको बताउनुभयो।

कोरियाको चुङ्चोइनबुक प्रदेशका शिक्षा सचिव प्रदेश प्रा ली योङ इउनले सो प्रदेशका १७ विश्वविद्यालयले व्यावहारिक र प्रयोगात्मक शिक्षा दिँदै आएको जानकारी दिनुभयो। सो प्रदेशमा उद्योग कलकारखानाको विकासका कारण अध्ययनपश्चात् रोजागारीको सम्भावना पनि बढी भएको उहाँले बताउनुभयो।

केइक्यानका अध्यक्ष गणेश शर्माले कोरियाका विश्वविद्यालका प्रतिनिधि नै नेपाल आएर कोरियाको शिक्षाको विषयमा जानकारी दिइनुले नेपाली परामर्शदातृ संस्था र विद्यार्थीसँग कोरियाका विश्वविद्यालयसँग सहकार्य गर्ने अवसर बढेको बताउनुभयो । नेपालबाट प्रत्येक वर्ष करिब तीन हजार विद्यार्थी उच्च शिक्षा अध्ययनका लागि कोरिया जाने गरेका छन् ।रासस

# चालुआवको हालसम्म छ बाघ मृतवस्थामा भेटिए



चितवन । चितवन राष्ट्रिय निकुञ्ज र यस आसपासका क्षेत्रमा छवटा बाघ मृतावस्थामा भेटिएका छन्। निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार चालु आर्थिक वर्षमा विभिन्न क्षेत्रमा गरी ती बाघ मृतावस्थामा भेटिएका हुन्।

बाघको हाडखोर मात्रै भेटिने भएकाले भाले पोथी छुट्याउन कठिन हुने गरेको उहाँले बताउनुभयो । मृत भेटिएका सबै बाघ प्राकृतिक कारणले मरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "बाघ लजालु स्वभावको हुन्छ । जसका कारण मरेको पनि जानकारी हुँदैन", निकुञ्ज प्रशासन, निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाले नियमित गर्ने गस्ती बढाएसँगै यस वर्ष निकुञ्ज र आसपासका क्षेत्रमा बाघ बढी मात्रामा मृत भेटिएका हुन्।

उहाँका अनुसार पछिल्लो समय निकुञ्जमा हुने चोरी सिकारी नियन्त्रणका लागि गस्ती बढाइँदै जाँदा मरेको अवस्थामा बाघ धेरै भेटिएका हुन् । गत आवमा निकुञ्जमा तीन वटा बाघ मृत भेटिएका थिए। सन् २०२२ को राष्ट्रिय बाघ गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा एक सय २८ वटा वयस्क बाघ रहेका छन्। देशभर बाघको सङ्ख्या तीन सय ५५ रहेको छ ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथुन | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वर्षामा आउने सम्भावित बाढीबाट जोगिन सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका -१ स्थित सप्तकोशी ब्यारेजको किनारामा बोरामा बलुवा भरेर निर्माण गरिएको अस्थायी तटबन्ध । *तस्विर : रासस*

# साना तथा घरेलु उद्योगले देशको अर्थतन्त्र उकास्ने : राष्ट्रपति पौडेल



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले साना तथा घरेलु उद्योगले देशको अर्थतन्त्र उकास्न महत्वपूर्ण योगदान पुर्‍याउने बताउनुभएको छ ।

भृकुटीमण्डपमा १७औँ अन्तर र्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सवको बुधबार उद्घाटन गर्दै राष्ट्रपति पौडेलले राज्यले साना तथा घरेलु उद्योगको प्रवर्द्धनमा विशेष नीति अवलम्बन गर्नुपर्ने बताउनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घको आयोजनामा बुधबारदेखि सुरु भएको महोत्सव वैशाख ३० गतेसम्म सञ्चालन हुनेछ । महोत्सवमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले मन्त्रालयले स्वदेशी वस्तुको उपभोग निर्देशिका चाँडै ल्याउने तयारी गरिरहेको बताउनुभयो । उक्त निर्देशिकाले स्वदेशी उत्पादन स्वदेशमै खपत गर्ने राज्यको नीतिमा जोड दिने उहाँको भनाइ छ ।श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारबाट फर्किएकाहरुलाई स्वदेशमै रोजगार दिन मन्त्रालयले केही नवीन अवधारणा ल्याउने तयारी गरिरहेको बताउनुभयो । युवालाईस्वरोजगारमाजोड्नसङ्घीय सरकारको नेतृत्वमा रोजगार मेला आयोजना गरिने उहाँले जानकारी दिनुभयो ।महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहले मुलुकको अर्थतन्त्र सन्तोषजनक नरहेको गुनासो गर्नुभयो । निर्यातले मात्रै राज्य बाँच्न सक्ने परिस्थिति नहुँदा उद्योग र उत्पादन क्षेत्रमा राज्यले विशेष नीति ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

स्वदेशी व्यापारलाई अनलाइनमा पुर्याउन बजेट छुट्याउने, महिला उद्यमीलाई कर छुट गरी प्रोत्साहन गर्ने, हरेक स्थानीय तहमा औद्योगिक ग्राम स्थापना र सञ्चालन गर्नेलगायत कार्यक्रम आगामी बजेटमा समावेश गराउन महासङ्घका अध्यक्ष सिंहले सरकारलाई सुझाव दिनुभयो । महोत्सवमा घरेलु उद्यमीका दुई सयभन्दा बढी स्टल प्रदर्शनमा राखिएका छन् ।रासस

# सरकारी खर्चको प्रभावकारिता बढाउन सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजना

काठमाण्डु । सरकारी खर्चको प्रभावकारिता बढाउन पाँच वर्षे कार्ययोजना कार्यान्वयनमा आएको छ । सरकार, सार्वजनिक संस्थान र सार्वजनिक-निजी लगानीको अवधारणाअनुरुप सञ्चालित आयोजनामा हुने लगानीको प्रभावकारिता बढाउन राष्ट्रिय योजना आयोगले 'सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजना, २०८१/८२-२०८५/८६' कार्यान्वयनमा ल्याएको हो ।

यो कार्ययोजना आयोगको यही वैशाख ११ गतेको बैठकबाट स्वीकृत भएको थियो ।

सार्वजनिक लगानीको प्रभावकारिता बढाउने, पुँजीगत खर्च बढाउने र विकास पूर्वाधार आयोजनाको काममा गति दिन दीर्घकालीन रणनीति आवश्यक रहेकाले यो कार्ययोजना ल्याइएको आयोगका सूचना अधिकारी डा दिवाकर लुइँटेलले जानकारी दिनुभयो ।

तीनवटै तहका सरकारले सार्वजनिक पूर्वाधारलगायत विकास निर्माणका लागि छुट्याएको बजेटको ठूलो हिस्सा खर्च गर्न नसक्ने अवस्था अहिले विद्यमान छ । निर्धारित समयमा विनियोजित रकम खर्च हुन नसक्दा एकातर्फ आयोजनाको लागत र समय बढ्ने गरेको छ भने अर्कोतर्फ जनताले समयमा नै सेवा सुविधा उपयोग गर्नबाट वञ्चित हुनुपरेको अवस्था छ । यो समस्या समाधानका लागि कार्ययोजनाले विभिन्न सातवटा लक्ष्य निर्धारण गरेको छ ।

राष्ट्रिय परियोजना बैंकलाई चरणबद्ध रुपमा सुधार गर्ने गरी कार्ययोजनाले पहिलो लक्ष्य निर्धारण गरेको छ । त्यस्तै, नियमित र पारदर्शी केन्द्रीय अनुगमनमार्फत् पुँजीगत परियोजना पोर्टफोलियोलाई व्यवस्थित गर्ने, बजेटमा समावेश गरिएका लगानी परियोजनामा पारदर्शिता अभिवृद्धि गर्ने र सार्वजनिक संरचना तथा पूर्वाधारको नियमित मर्मतसम्भारका लागि निर्देशिका तयार गरी कार्यान्वयन गर्ने गरी लक्ष्य निर्धारण भएका छन् ।



सार्वजनिक खरिदको प्रभावकारी तथा पारदर्शी अनुगमन हुने सुनिश्चितता गर्न विद्युतीय सार्वजनिक खरिद प्रणालीमा सुधार गर्ने, सार्वजनिक संस्थान तथा सार्वजनिक निजी साझेदारीमार्फत् हुने लगानी परियोजनाको केन्द्रीय निगरानी तथा निरीक्षणमा सुधार गर्ने र परियोजना व्यवस्थापन सुदृढीकरण गर्न आवश्यक प्रबन्ध गर्नेजस्ता लक्ष्य कार्ययोजनामा राखिएका छन् ।

यी प्रत्येक लक्ष्य हासिल गर्नका लागि सम्पादन गर्नुपर्ने प्रमुख कार्य र सोका लागि जिम्मेवार निकाय तथा अधिकारी पनि कार्ययोजनामा नै तोकिएको छ ।

साथै प्रमुख कार्यअन्तर्गत सम्पादन गरिनुपर्ने क्रियाकलाप र त्यससम्बन्धी समय सीमा एवं आवश्यक पर्ने स्रोतको व्यवस्थापनलाई समेत कार्ययोजनाले सुनिश्चित गर्न खोजेको देखिन्छ ।सरकारी खर्चको प्रभावकारिता देखिन नसकेकोबारे बारम्बार प्रश्न उठ्ने गरेका छन् ।

तीन तहका सरकारबाट सञ्चालन हुने आयोजनाको एकीकृत विवरण नहुँदा एउटै आयोजनामा एकभन्दा बढी तहको सरकारबाट वा एउटै तहको सरकारका पनि विभिन्न निकायबाट दोहोरो रकम विनियोजन हुने गरेको छ ।

साथै कार्य जिम्मेवारी छुट्याउने प्रष्ट सीमारेखाको अभावमा स्रोतको कुशल विनियोजन एवं सही उपयोग हुन सकेको छैन ।

सरकारले वार्षिक बजेट छुट्याउँदा आयोजना तथा कार्यक्रमको छनोटमा कुशलता नदेखिएको भन्दै आलोचना हुने गरेको छ । यो कार्ययोजना लागू भएपछि पर्याप्त पूर्व तयारी नभएका र आर्थिक तथा प्राविधिकरुपमा सम्भाव्य नरहेका आयोजना वा कार्यक्रममा बजेट विनियोजन नहुने थिति बस्ने अपेक्षा गरिएको छ । पूर्व तयारी बिनाका आयोजनामा बजेट छुट्याउँदा अधुरा, अपुरा वा बीचमा छोड्नुपर्ने आयोजनाको संख्या ठूलो परिमाणमा रहेका छन् ।

यसले गर्दा सार्वजनिक स्रोतको प्रभावकारी र जवाफदेही उपयोगमा प्रश्नचिह्न खडा हुने गरेको छ ।

सरकारले सार्वजनिक खरिदसँग सम्बन्धित प्रक्रियालाई चुस्त, प्रतिस्पर्धी एवं पारदर्शी बनाउनका लागि विद्युतीय खरिद प्रणाली अवलम्बन गरेको छ । तर सबै किसिम र विधिका खरिद कार्यलाई विद्युतीय प्रणालीमा आबद्ध गर्न नसक्दा अझै पनि कतिपय सार्वजनिक खरिद प्रक्रियामा पारदर्शिता र प्रतिस्पर्धात्मक अवसरको सुनिश्चितता सिर्जना हुन नसकेको गुनासो आउने गरेका छन् ।

आयोजनासँग सम्बन्धित जिम्मेवार अधिकारीको छोटो समयमा नै सरुवा हुने परिपाटीले एकातर्फ कर्मचारीको दक्षता विकासमा असर परेको छ भने अर्कोतर्फ आयोजना निर्माण वा सञ्चालनमा ढिला सुस्ती भइरहेको छ ।

यसले पनि सार्वजनिक लगानीको प्रभावकारिता अभिवृद्धिमा अवरोध सिर्जना हुन पुगेको छ ।त

यस्तै, निर्माण सम्पन्न भई सञ्चालनमा गएका पूर्वाधार वा अन्य प्रणालीको सञ्चालनको क्रममा नियमित मर्मतसम्भार हुने सुनिश्चित गर्न नसक्दा एकातर्फ सेवाग्राहीले नियमितरुपमा गुणस्तरीय वस्तु तथा सेवा उपयोग गर्न सकेका छैनन् भन्ने अर्कोतर्फ त्यस्ता संरचनाको पुनःनिर्माणमा ठूलो धनराशि खर्च गर्नुपरेको अवस्था छ ।

यी विविध समस्याको समाधानका लागि एकीकृत स्वरुपमा सार्वजनिक लगानी व्यवस्थापनसम्बन्धी कार्ययोजना ल्याइएको आयोगले जनाएको छ ।रासस

# कानुन दिवस मनाइयो




काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेल कानुन दिवस २०८१ का अवसरमा सर्वोच्च अदालतद्वारा अदालत परिसरमा आयोजित जलपान समारोहमा सरिक हुनुभयो ।

त्यस अवसरमा त्यहाँ आउनुभएका पाहुनाहरुलाई प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले स्वागत गर्नुभयो । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल, उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीलगायत नेपाल सरकारका उच्च पदस्थ अधिकृत रहनुभएको थियो ।समारोहमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीश, नेपाल बार एसोसिएसनका अध्यक्ष तथा पदाधिकारी, सर्वोच्च बार एसोसिएनका अध्यक्ष तथा पदाधिकारी, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरु तथा सञ्चारकर्मीको उपस्थिति रहेको थियो । सो अवसरमा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार देवेन्द्र ढकालले अतिथिहरुलाई स्वागत गर्दै जलपान समारोहमा सरिक हुन अनुरोध गर्नुभएको थियो ।

कानुन दिवसकै अवसरमा प्रधानन्यायाधीश श्रेष्ठले स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीलाई शुभकामना व्यक्त गर्दै नेपालको संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक अधिकार तथा मानवअधिकारको पूर्णरूपमा प्रत्याभूत गरी न्यायपूर्ण समाजको स्थापना गर्न कानुन दिवसले सबैमा सकारात्मक सोच र भावना प्रदान गर्न सकोस् भनी कामना गर्नुभएको छ ।

"न्यायपालिकाको क्रमिक र समयसापेक्ष सुधारको विषय न्यायपालिका मात्रको नभई यसका सबै सरोकारवालाको साझा चासो र सरोकारको विषय हो भन्ने कुरामा म विश्वस्त छु", उहाँको शुभकामना सन्देशमा भनिएको छ, "न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउनका लागि यसका सरोकारवाला निकायहरू महान्यायाधिवक्ताको कार्यालय एवं नेपाल बार एसोसिएसनलगायतका अन्य निकायहरूको समन्वय र सहकार्य सदैव आवश्यक र अपेक्षित रहन्छ ।"उहाँले सरोकारवाला निकायहरूबाट प्राप्त हुँदै आएको सकारात्मक सहयोग र समन्वयको कारणले सबै तहका अदालतहरुमा विगतका वर्षहरूका तुलनामा यस वर्ष विशेषतः पुराना मुद्दाको फछ्र्योट बढी भएको तथ्याङ्कबाट देखिएको पनि सो सन्देशमा उल्लेख गर्नुभएको छ । शुभकामना सन्देशमा भनिएको छ, "नेपालको संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको माध्यमबाट पहुँचयोग्य तथा जनआस्थामा आधारित न्यायिक पद्धतिको विकास गरी कानुनको शासनको प्रवर्द्धन गर्न आजको यस विशेष दिनले हामी सबैलाई थप हौसला र प्रेरणा प्रदान गर्ने विश्वास मैले लिएको छु ।"विधिको शासन, स्वतन्त्र न्यायपालिका तथा शक्ति पृथकीकरणको मूल्य मान्यताप्रति पूर्ण प्रतिबद्ध हुँदै न्यायिक पद्धति र न्यायपालिकाको संस्थागत सुधारमार्फत नागरिकका हक अधिकारको संरक्षण गर्ने सन्दर्भमा कोसेढुङ्गाको रूपमा रहेको उक्त दिनको महत्व आज पनि उत्तिकै रहेको प्रधानन्यायाधीश श्रेष्ठको भनाई छ ।नेपालमा प्रधान न्यायालय ऐन, २००८ लागू भएको दिनको सम्झनामा वैशाख २६ गते कानुन दिवसका रूपमा मनाउने गरिएको छ ।रासस

# एटीआईको कार्यशाला काठमाडौँमा

काठमाण्डु । आन्तरिक राजश्वको प्रभावकारी कार्यान्यवनका लागि सहकार्य गर्दैआएको अन्तर्राष्ट्रिय संस्था एडिस ट्याक्स इनिसिएटिभ (एटीआई) को क्षेत्रीय प्राविधिक बैठक नेपालमा जारी छ । काठमाडौँमा जारी बैठकमा एटीआई सदस्य १६ मुलुकका कर प्रशासक, विज्ञ र विकास साझेदारका प्रतिनिधि गरी ६० जनाभन्दा बढी सहभागी रहेका छन् । काउन्सिल अन इकोनोमिक पोलिसी (सिईपी) र जर्मन इन्स्टिच्युट फर डेभलपमेन्ट एण्ड सस्टेनेबिलीटीसँगको सहकार्यमा आन्तरिक राजश्व विभागले कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रमको प्रमुख प्रमुख उद्देश्य कर प्रणालीको निष्पक्षता, पारदर्शिता, दक्षता र प्रभावकारितामा सुधारका लागि सहकार्य गर्नु रहेको छ । गत वर्ष फिलिपिन्को मनिलामा सम्पन्न क्षेत्रीय कार्यशालाले एटीआईको कार्यशाला काठमाडौँमा आयोजना गर्ने निर्णय गरेको थियो ।

कार्यशालाको बुधबार एक समारोहकाबीच अर्थ मन्त्रालयका सचिव (राजश्व) डा. रामप्रसाद घिमिरेले उदघाटन गर्नुभएको थियो । उहाँले नेपालमा बैठक राखिएको र विभागलाई कार्यक्रमको सह-आयोजकको भूमिका प्रदान गरेकामा धन्यवाद दिँदै सदस्य देशहरूले भोग्दैआएका वित्तीय चुनौती सामना गर्न कार्यशाला फलदायी हुने विश्वास व्यक्त गर्नुभयो । घिमिरेले सदस्य मुलुकहरूबीचको सहकार्य थप बलियो, कर प्रशासनलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउन तथा वित्त परिचालनमार्फत समावेशी र दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा अघि बढ्न कार्यशालाले मागदर्शन गर्ने पनि बताउनुभयो । साथै राजश्व परिचालन र कर छुटसम्बन्धी नीतिहरुमा समीक्षा गर्दै आगामी दिनमा लिनुपर्ने नीतिबारे सामूहिक धारणा बनाउने पनि उहाँले अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यशाला उद्घाटनशत्रमा एडिस कर सञ्चालक समितिका एलिस्टेयर लोबोले कार्यशालाको उद्देश्य र कार्यक्रमबारे जानकारी दिनुभयो । एटीआईले स्थापनादेखि नै विकास साझेदार संस्था र साझेदार मुलुकबीच राम्रो सहकार्य गर्दैआएको जानकारी दिँदै आगामी दिनमा सहकार्यले थप गति पाउने बताउनुभयो ।

उहाँले सदस्य राष्ट्रहरुले दिगो विकास लक्ष्य हासिल गर्न सहयोगी हुने कर प्रणाली अपनाउनुपर्नेमा जोड दिनुभयो ।एटीआईकोघोषणापत्रअनुसार कर खर्चको पारदर्शीता बढाउन, लागत लाभ मूल्याङ्कन सहज बनाउन तथा करदातामाथिको करभार घटाएर विश्वास जित्नेगरी काम गर्नुपर्ने छ ।


**गणेशमान चारनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विरेन्द्रबजार, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र संशोधनको सूचना**

मिति २०८१।०१।०७ गतेका दिन गणेशमान चारनाथ नगरपालिकाको कार्यालय द्वारा आव्हान गरिएको देहाय बमोजिमको सूचनाहरुमा देहाय बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

| सि. नं. | बोलपत्र | हुनुपर्ने |
|---|---|---|
| १. | GCM/NCB/ Works/ 05/2080-81 | सूचना प्रकाशन मिति २०८१।०१।०७ |
| | | बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१।०२।०८ |
| | | बोलपत्र खोलिने मिति २०८१।०२।०८ |

**प्रमुख प्रशासकीय अधिकृत**



**राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रम**

२०८१ बैशाख १६ गतेदेखि २८ गतेसम्म आम औषधि सेवन अभियानमा सबै जान हात्तीपाइले रोग (फाइलेरिया) विरुद्ध औषधि सेवन गरौं । असक्त, अपांग र कुरुप गराउने ,दीर्घ रोगबाट आफू पनि बचौ,अरुलाइ पनि बचाऔ ।

**महत्त्वपूर्ण जानकारी**


१) लक्ष्य नदेखिए पनि शरीरमा हात्तीपाइले रोग परजीवी हुन सक्छ ।

२) यो रोग लागि सकेपछि पुरै निको पार्न सकिदैन ।

३) बेलैमा औषधि खाएमा शरीरको परजीवी ,नष्ट हुन्छ रोग लाग्दैन र परिवार तथा समुदायका अरुलाइ सर्दैन ।

४) आम रुपमा सेवन गरिने हात्तीपाइले विरुद्धका औषधिहरु अत्यन्तै प्रभावकारी र सुरक्षित छन ।

**स्वास्थ्य कार्यालय**
**गौर रौतहट**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अस्वस्थ अभ्यास

जनता समाजवादी पार्टीका अध्यक्ष तथा उपप्रधानमन्त्री उपेन्द्र यादव वर्तमान गठबन्धन छाडेर सरकार गिराउने षड्यन्त्रमा लागेको आशंकामा सत्तारूढ गठबन्धनका प्रमुख घटकका नेताले यादवको दल जनता समाजवादी पार्टी नेपाल (जसपा) नै फुटाइदिए । यादव विदेश भ्रमणमा रहेका बेला जसपाका सहअध्यक्षले उस्तै नामको अर्को पार्टी गठन गरेर निर्वाचन आयोगमा दर्तासमेत गरिसके । विचार नमिलेपछि पार्टी छाड्नु वा फुटाउनु अस्वाभाविक घटना होइन । तर, त्यसको लगाम अरू दलका नेताको र त्यसमाथि प्रधानमन्त्रीसमेतको हात देखिनु भने अस्वस्थ अभ्यास हो । नेपालको राजनीतिमा बेलाबखत यस्तो विकृति राजनीति हुँदैआएकाले जसपाको विभाजनको खासै ठूलो प्रभाव नपर्न सक्छ । निर्वाचन आयोगले देखाएको हतारले पनि यस दलको विभाजनमा सरकारको साथ भएकै सन्देह बलियो हुन्छ । जसपा विभाजनको घोषणा गरिएको पूर्वसन्ध्यामा सत्तारूढ गठबन्धनका ठूला तीन दलका शीर्ष नेतृत्वको लामो बैठक हुनु संयोगमात्र पनि हुनसक्छ । तर, बैठकलगत्तै जसपाको विभाजन हुनु विभाजित समूहले सरकारको समर्थन गर्ने घोषणा गर्नुले भने षड्यन्त्रकै सङ्केत गर्छ । उता यादवको नेतृत्वमा रहेको समूहले भने अहिले दल दर्तासम्बन्धी कानुन निष्क्रिय रहेको भन्दै निर्वाचन आयोगको निर्णयलाई चुनौती दिने घोषणा गरेको छ । दल दर्तासम्बन्धी अध्यादेश खारेज भइसकेकाले कानुनीरूपमा दल दर्ता गर्न नमिल्ने जिकिर यादवको दलको रहेको छ । निर्वाचन आयोगको निर्णयको वैधताको निष्कर्ष त अदालतले गर्ला नै अहिले दुईवटा जसपा अस्तित्वमा देखिएका छन् । सत्तारुढ गठबन्धनका अरू दलका नेताको अभिव्यक्तिमा जसपा विभाजनको परकम्प ध्वनित हुनथालेको छ । विशेषगरी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) पनि विभाजित हुनसक्ने सुनिएपछि पार्टीको संसदीय दलको बैठकले त्यसको खण्डन गरेको छ । हतार हतार गरिएको खण्डनबाट पनि त्यस दलका सांसदहरूको हतास मानसिकता प्रकट भएको छ ।  सत्तारुढ गठबन्धनको प्रमुख र निर्णायक घटक नेकपा (एमाले)का महासचिवले त जसपाका अरू सांसदहरूले पनि यादवको साथ छाड्ने भविष्यवाणी सार्वजनिकरूपमै गरेका छन् । यसैले पनि जसपा फुटाउन सत्तारुढ गठबन्धन संलग्न रहेको पुष्टि हुन्छ । जसपा विभाजन गराउन लागेको शक्ति एमालेबाटै फुटेको एकीकृत समाजवादी फुटाउन लागेको छैन होला र ? सत्तारुढ गठबन्धनकै साना दलहरू फुटाउने षड्यन्त्रमा ठूला दलका नेताहरू सक्रिय हुनु सकारात्मक अभ्यास होइन । नेपालको संसदीय राजनीतिमा 'धर्को मेटेर' लामो देखिने नकारात्मक अभ्यास पहिले पनि विशेषगरी २०५२ सालपछि देखिएको थियो । नेपाल मजदुर किसान पार्टीका सांसदहरूको विचलन र राष्ट्रिय प्रजातन्त्र पार्टीको विभाजन त्यतिबेला निकै चर्चित घटना थियो । अरूको पार्टी फुटाउन र सांसद चोर्न निकै सक्रिय भएका नेपाली कांग्रेस र नेकपा (एमाले) को नै अन्ततः विभाजन भएको थियो । दलहरू यसरी विभाजित र कमजोर भएको मौका छोपेर तत्कालीन राजा ज्ञानेन्द्रले लोकतन्त्र नै समाप्त पारेका थिए । अहिले जसपा फुटाएर रमाएका दलका नेताहरूले सत्ताका लागि गरिएको अनुचित अभ्यास प्रत्युत्पादक हुनसक्छ भन्ने पाठ इतिहासबाट सिक्नु पर्छ ।

# काभ्रेमा 'आगो'को वितण्डा, बस्ती जोखिम

**राजकुमार पराजुली**

आफू जन्मे हुर्केको घर एकाएक खरानी भएको देख्दा सत्यमान लामा रिङ्टा लागेर भूइँमा पछारिए । धेरैबेरसम्म होश खुलेन । होस खुल्दा घर सम्पूर्ण रुपमा भष्म भइसकेको थियो । पचास वर्षिय लामाको जीवनमा ठूलै बज्रपात लागेको थियो ।

लामा जलेको घर नियाल्न तेस्रो दिनसम्म पनि सामूहिक टेण्टको बसाईबाट चियाइरहनुहुन्थ्यो । अब कसरी परिवारलाई कहाँ लगेर राख्ने भन्ने चिन्ताले उहाँलाई सताएको छ । उहाँ भन्नुहुन्छ, "बर्खा लागिसक्यो । भएको अन्तपात र लत्ताकपडा जलेर खरानी भयो । यो पीडा कसलाई पोखुँ ?" काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-४ सानो पोटा गाउँमा वैशाख १८ गते मङ्गलबार गाउँ नजिकको सामुदायिक वनमा लागेको डढेलो हावाहुरीका कारण बस्तीमा आएपछि उहाँको सँगै गाउँका १५ घर पूर्णरुपमा जलेर नष्ट भएका छन् । घरमा वनको आगो सल्किएपछि आगोले 'वितण्डा' मच्चाउँदा गाउँका पीडितले घरका सरसामान निकाल्न सकेनन् र घण्टामै केही पशुचौपायासहित सम्पूर्ण सामग्री जलेर खरानी भयो । अग्नि प्रभावित १५ घरका बृद्धबृद्धा, महिला तथा बालबालिका गरी करिव ६० व्यक्ति खुल्ला आकाशमुनि त्रासमै रात बिताउन बाध्य हुनुपऱ्यो । अहिले उनीहरुलाई सामूहिक टेण्टमा बस्ने व्यवस्था मिलाइएको छ ।

आगलागीबाट गाउँमा खानेपानीको पाइप पनि जलेपछि आनेपानी आपूर्ति हुन सकेको छैन । जिल्ला विपद् ब्यवस्थापन समिति, रेडक्रसलगायत विभिन्न सङ्घसंस्था र राजनीतिक दलका नेता एवं भातृ सङ्गठन राहत र पाल बोकेर सानो पोटा गाउँ जान थाले । खानेपानीका लागि नजिक मूलबाट ल्याइएको पानीले गाउँलेलाई दैनिक पर्याप्त छैन ।

आगलागी पीडित परिवारलाई जिल्ला विपद् व्यवस्थापन समितिमार्फत विभिन्न सङ्घसंस्थाबाट उपलब्ध राहत वितरण गरिएको छ । बितरित राहतअन्तर्गत गाउँपालिकाले प्रतिपरिवार दुई बोरा चामल, त्रिपाल, नुन, तेल र दाल, रेडक्रसले भाडाँकुडा, त्रिपाल, कम्बललगायतका सामग्री रहेका छन् । विभिन्न राजनीतिक पार्टीका नेता, सांसदहरुले पनि खाद्यान्न सहयोग गर्नुभएको छ । प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले सरकारबाट पाउने राहतमध्ये हाललाई रु पाँच हजार दिइएको र बाँकी रु दश हजार केही दिनमै उपलब्ध गराइने बताउनुभयो । साथै, क्षतिग्रस्त घर पुनःनिर्माण गर्न स्थानीय तह, प्रदेश तथा संघीय सरकारको समन्वयमा प्रक्रिया अघि बढाउन पहल गरिने शर्माले बताउनुभयो ।

एक हप्तामा आगलागीमा परेर सानु पोटागाउँमा १५ घर, डाँडागाउँमा एक घर र माटेमा दुई घर नष्ट भएको थियो । आगलागीमा परी १५ घर नष्ट हुँदा रु दुई करोड २६ लाख ३० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाएको छ । आगलागीबाट १५ घर, सात गोठ र चार शौचालय नष्ट भएको थियो । आगलागी नेपाली सेना, प्रहरी टोली तथा स्थानीयले नियन्त्रणमा लिएका थिए ।

गर्मीयाम लागेसँगै खडेरीका कारण जिल्लाका धेरै ठाउँमा आगलागीका घटना भइरहेका छन् । गत शुक्रबार राति धुलिखेल नगरपालिका-३ को एउटा सिडो बस्तरुी आगलागीको ठूलो जोखिमबाट जोगिएको छ । साँझबाट बस्ती नजिकसँगैको नयाँगाउँ सामुदायिक वनमा लागेको आगो सुरक्षाकर्मी र स्थानीयको रातभरको पहल तथा भक्तपुरबाट दमकल ल्याई १० घण्टाको प्रयासपछि शनिबार बिहान नियन्त्रणमा ल्याइएको वडाध्यक्ष गणेश आचार्यले बताउनुभयो ।

यस्तै बनेपा नगरपालिका-११ स्थित देवीस्थान सिनागाल जङ्गलमा लागेको आगो एक हप्तापछि नियन्त्रयामा ल्याइएको छ । आगलागी हुँदा दैनिकजसो हावाहुरी पनि चलिरहेकाले वन नजिक बस्ती भएका कारण निकै जोखिममा रहेका थिए । सुरक्षाकर्मी र स्थानीय तथा युवा सङ्घको विशेष पहलमा सो आगो नियन्त्रणमा ल्याइएको वडाध्यक्ष शिवकुमार थापाले बताउनुभयो । "एक हप्ता निकै त्रासपूर्णरुपमा बिताइयो, अन्यत्रभैँ बस्तीमा आगो पस्लाकि भन्ने ठूलो डर थियो", उहाँले भन्नुभयो ।

यसैगरी बिहीबार दिउँसो पाँचखाल नपा-५ स्थित जंगलमा आगो लाग्दा करिव दुई घण्टा अरनिको राजमार्गसमेत अबरुद्ध हुन पुग्यो । उक्त वडाको केराघारीस्थित ठूलो वन क्षेत्रमा आगलाग्दा हावाहुरिले विद्यालय र बस्ती निकै जोखिममा भएका कारण सुरक्षाकर्मी र स्थानीयले नजिकको बस्तीका केही घरबाट सामग्री तथा गाईवस्तुलाई निकालिएको थियो । करिब चार घण्टामा आगो नियन्त्रणमा लिँदा जनधनको क्षतिबाट जोगिएको थियो । यही हप्ता नमोबुद्ध नपा-१ स्थित फुलबारीको वनमा आगलागी हुँदा समयमै नियन्त्रणमा लिँदा बस्तीमा क्षति हुनबाट जोगाइएको स्थानीय श्रीकृष्ण धितालले बताउनुभयो । उहाँका अनुसार बुधबार साँझ लागेको आगो करिब तीन घण्टामा नियन्त्रणमा लिइएको हो ।

काभ्रेपलाञ्चोकका अधिकांश बस्ती जङ्गल क्षेत्र नजिक अवस्थित रहेका छन् । गत चैत पहिलो साता काभ्रेपलाञ्चोकको अठार स्थानमा आगलागी हुँदा जनधानको क्षति हुन पुग्यो । करिब एक हप्तामा दैनिक जसोको आगलागीका कारण छ घर र सात गोठ जलेका थिए भने सात जना घाइते भएका थिए । ती आगलागीमा रु १२ लाख ५० हजार क्षति भएको प्रहरीले जनायो । उक्त समय विभिन्न स्थानका आगलागी नियन्त्रणका लागि एक सय प्रहरीलाई झण्डै ४४ घण्टासम्म खटाइएको थियो ।

चैतको १ गते एकैदिन काभ्रेपलाञ्चोकमा आगलागीका सात घटना भएका थिए । महाभारत गाउँपालिका-२ मुलडाँडाका सञ्चार घिसिङको कच्ची एकतल्ले घरमा अचानक आगलागी हुँदा लत्ताकपडा, अन्नपात, फर्निचर सामान, भाडाकुडा र नगत एक लाख पाँच हजारसमेत गरी तीन लाख क्षति भयो भने घरका सामान झिक्न जाने क्रममा घिसिङ जलेर घाईते हुनु भएको थियो । पनौती नगरपालिका-३ बडारेस्थित पाखोबारीमा झाडी जलाउने क्रममा अचानक सामुदायिक जङ्गलमा आगो लाग्यो । स्थानीय तथा सुरक्षाकर्मीको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो ।

यस्तै भुम्लु-१ कात्तिके वनटोलस्थित सामुदायिक वन क्षेत्रमा आगलागी हुँदा सात रोपनी सामुदायिक वनमा क्षति पुग्यो । सोही स्थानमा रहेको गोठमासमेत आगो लागेर नष्ट भयो । खानिखोला-७ मोरङवेशीस्थित पाखामा आगलागी हुँदा कुमार भ्लोनको काठ-जस्ता बनेको टहरो जल्यो । सोही दिन बेथानचोक-४ मा बेथानखोला सामुदायिक बनमा आगलागी भयो । बनेपा-१४ मगरगाउँस्थित सामुदायिक वनमा आगलागी तथा पाँचखाल-३ स्थित सर्वमंगला माध्यमिक विद्यालयको हाताभित्रको पाँच रोपनी जङ्गलमा आगलागी हुँदा स्थानीय तथा सुरक्षाकर्मीको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो ।

प्रहरीका अनुसार त्यसअघि जिल्लामा ११ वटा आगलागीका घटना भएका थिए । घटना विवरणअनुसार गत फागुन २६ गते पनौती नगरपालिका-५ स्थिल छलेश्वर ठूलढुङ्गे सामुदायिक वनमा आगलागी भयो । भोलिपल्ट बनेपा नपा-१० थापागाउँमा भगवान थापाको जस्ताको छानो भएको गोठमा आगलागी हुँदा गोठ र नजिकै रहेको तीन कुन्यु परालसमेत जल्यो । यस्तै पर्सिपल्ट अर्थात् फागुन २८ गते तेमाल गाउँपालिका-७ स्थित सात रोपनी लेखपाखा सामुदायिक वनमा लागेको आगो दुई दिनमा नियन्त्रणमा आयो । प्रहरीका अनुसार फागुन २९ गते चौरीदेउराली गाउँपालिका-५ को छ रोपनी देउपोखरे सामुदायिक वनमा आगलागी भयो भने सोही वडास्थित बरारे सामुदायिक वनमा आगलागीबाट स्थानीय भक्तबहादुर गौतमको खाली रहेको घर जली पूर्णरुपमा नष्ट हुँदा करिब रु ५० हजार क्षति भएको थियो ।

यसैगरी फागुन ३० गते बनेपा-१३ भवानीथुम्कास्थित स्यालय गैरा सामुदायिक वनमा आगलागीबाट ७ रोपनी सामुयदायिक वन जल्यो । चैत पहिलोसाता नमोबुद्ध नपा-८ कुश्मती जङ्गलमा भएको आगलागीबाट करिब सात रोपनी सामुदायिक वन क्षति भयो । सोही दिन भुम्लु गाउँपालिका-८ को जङ्गलमा आगलागी हुँदा स्थानीय, प्रहरी, ससस्त्र प्रहरी तथा पाँचखाल नगरको दमकलबाट आगो नियन्त्रणमा लिइएको काभ्रेपलाञ्चोक प्रहरीले जनायो । सोही साता नमोवुद्ध-५ लासकोटस्थित विद्युत् ट्रान्सफरमा अचानक भएको आगलागीबाट गोठे चिउरानी सामुदायिक वनमा लागेको आगो तीन दिनपछि नियन्त्रणमा ल्याइएको थियो । महाभारत-७ आलेबासपुर गुजेपानीस्थित पाखोबारिमा फोहोर जलाउने क्रममा हावाहुरी चल्दा नजिकको काठबाट बनेको जस्ता र खरले छाएको दुई वटा गाईगोठमा आगलागीबाट पूर्णरुपमा क्षती भयो भने सँगैको अर्को कुलुङ सामुदायिक वनमा समेत आगो लाग्यो ।

डढैँलोबाट विशेषगरी जङ्गलमा रहेका साना बोट-बिरुवाका साथै वन्यजन्तु विस्थापनमा परेको अनुमान गरिएको छ । आगलागी भएका केही जंगलमा स्थानीयबासी तथा सुरक्षाकर्मीको सहकार्यमा नियन्त्रणमा ल्याइएको थियो भने कतिपय जङ्गलको डढेलो आफैं नियन्त्रणमा आएका पनि थिए । विगतका वर्षको तुलनामा यसवर्ष लामो खडेरी परेका कारण पनि अधिकांश सामुदायिक वनमा डढेलो लागेको हुनसक्ने अनुमान गरिएको छ ।

करिब चार महिनाको अवधिमा काभ्रेपलाञ्चोकको ४८ वटा सामुदायिक तथा राष्ट्रिय वनमा आगलागी हुँदा आठ सय ३० हेक्टर वन जलेर नष्ट भइसकेको छ । हाल रोशीको डाँडागाउँ र बनेपाको धनेश्वर जङ्गलमा लागेको आगो नियन्त्रणमा आएको छैन । उक्त क्षेत्रत्रफलमा आगलागी भएको र जिल्लाका निजी वन-पाखा, घर तथा टहरामा समेत पनि आगलागी भएको घटना भई क्षति पुगेको डिभिजन वन कार्यालय धुलिखेलले जनाएको छ ।

कार्यालयका अनुसार जिल्लास्थित सब-डिभिजन वन कार्यालयअन्तर्गतका केही सामुदायिक र राष्ट्रिय वनमा आगलागी भइरहेको छ । केही स्थानमा आगलागी नियन्त्रणमा आए पनि थप केही स्थानमा आगलागी भइरहेको कार्यालयको सूचना अधिकारी सरिता लामाले बताउनुभयो । उहाँका अनुसार वैशाख तेस्रो सातासम्म सब-डिभिजन वन कार्यालय चौवासअन्तर्गत १० स्थानमा आगलागी हुँदा चार सय २२ हेक्टर वनमा क्षति पुगेको छ ।

यस्तै सब-डिभिजन जनागालअन्तर्गत चार स्थानको ३२ हेक्टर, सब-डिभिजन महादेवस्थानअन्तर्गत पाँच स्थानमा १५ दशमलव ५ हेक्टर, सव-डिभिजन कटुन्जेअन्तर्गत दुई स्थानमा एक सय ८२ हेक्टरमा आगलागी भएको थियो । त्यस्तै सब-डिभिजन खोपासीअर्न्तगत आठ स्थानमा ४३ हेक्टर, सब-डिभिजन नमोबुद्धअन्तर्गत १३ स्थानमा एक सय २३ हेक्टरमा आगलागी भएको जनाइएको छ ।

आगलागीका क्रममा मानवीय क्षेत्र पनि भएको छ । तेमालमा एक जनाको आगो निभाउन जाने क्रममा निधन भएको छ भने आगलागीका क्रममा नौ जना घाइते भएका छन् । वन-पाखा, घर-टहरा तथा जङ्गलमा आगलागी हुँदा स्थानीय, प्रहरी, ससस्त्र प्रहरी तथा केही स्थानमो दमकलबाट सहायताबाट आगो नियन्त्रणमा लिने गरिएको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाएको छ । कार्यलय प्रमुख प्रहरी उपरीक्षक बसुन्धरा खड्काका अनुसार वनमा आगलागी गर्ने केही व्यक्तिको पहिचान गरी नियन्त्रणमा लिएर कारवाही पनि गरिएको बताउनुभयो । "जिल्लाका थप स्थानमा आगलागीका घटना भइरहेको छन्, आगो लगाउनेको पहिचान गर्ने क्रममा छौँ", उहाँले भन्नुभयो ।

आगलागीका कारण काभ्रेपलाञ्चोकमा वन्यजन्तु, पंक्षी, बोटविरुवा र लोपोन्मुख वनस्पतिसमेत नष्ट भएको जनाइएको छ । डिभिजन वन कार्यालयले केही वन्यजन्तुको उद्धार गरेको लामाले बताउनुभयो । उहाँका अनुसार उद्धार गरिएकामध्ये सुन कछुवा जिउँदै उद्धार भएको छ भने तीन वटा भाले चितुवा, एक पोथी चितुवा तथा एक रतुवा मृग, एक दुम्सी मृत अवस्थामा फेला पारिएको थियो भने मृगको एक बच्चा जिउँदै अवस्थामा फेला पारिएको हो ।

वन कर्मचारीप्रति बदलाको भावना, जङ्गलमा घाँस पलाउने र वनमा रहेका बोटबिरुवामा राम्रो फल फल्ने गलत धारणा, चोरी शिकारीले जङ्गलीजन्तुको शिकार गर्न सहज बनाउने उद्देश्यले जिल्लाका सामुदायिक वनमा डढेलो लगाउने गरेको बताइन्छ । सामुदायिक वनमा डढेलो लाग्न नदिन जिल्ला वन डिभिजन कार्यालयले जिल्लाका विभिन्न स्थानमा चेतनामूलक सूचना पाटी राख्नुका साथै डढेलोबाट हुने बेफाइदा, हानी-नोक्सानी र कानूनी व्यवस्थाका बारेमा प्रचारप्रसार गर्दै आएको जनाएको छ ।

# सामुदायिक विद्यालयमा व्यवस्थापनकै समस्या

**दीपक बोहरा**

दाङको राप्ती गाउँपालिका-५ पहरुवास्थित बालकल्याण आधारभूत विद्यालयको कक्षा ७ को बोर्ड (कालोपाटी) फुटेको तीन वर्ष भयो । १२ वर्षअघि खरिद गरेको त्यो बोर्ड फुटेको तीन वर्ष हुँदा पनि नयाँ ल्याइएको छैन । त्यही पुरानै बोर्डमा कक्षा सञ्चालन भइरहेको छ । कक्षा ८ सम्म सञ्चालित उक्त विद्यालयमा एक सय ५५ विद्यार्थी छन् ।

सोही पालिकाको वडा नं. ४ स्थित जनज्योति आधारभूत विद्यालय नयाँ गाउँमा एउटै कक्षामा कम्प्युटर ल्याब र सोही कोठामा शिक्षकहरु बस्ने कोठा छ । यसले गर्दा विद्यार्थीहरुलाई पठनपाठनमा समस्या भएको छ । कक्षा ८ सम्म सञ्चालित यस विद्यालयमा दुई सय ४६ विद्यार्थी अध्ययनरत छन् ।

राप्ती गाउँपालिका-८ पिपरीस्थित शङ्कर मावि पिपरीमा पनि समस्या उस्तै छन् । कक्षा १२ सम्म सञ्चालित उक्त विद्यालयका प्रत्येक कोठा फोहर छन् ।

कोठामा धुलैधुलो छ । त्यही धुलोमा विद्यार्थीहरु बसिरहेका हुन्छन् । यहाँ पाँच सय २५ विद्यार्थी छन् । राप्ती गाउँपालिका-१ भलावाङ स्थित नेपाल राष्ट्रिय माविमा शौचालयमा पानी छैन । शौचालय दुर्गन्धले जानसक्ने अवस्था छैन । निर्माण भएको शौचालयको ढोका फुटेको छ । विद्यालयअगाडि राखिएको झन्डा च्यातिएर लत्रिएको अवस्थामा छ । कक्षा १२ सम्म सञ्चालित उक्त विद्यालयमा चार सय बढी विद्यार्थी छन् ।

यी त, दाङ राप्ती गाउँपालिकाभित्र रहेका केही सामुदायिक विद्यालयमा देखिएका बेथिति हुन् । अधिकांश सरकारी विद्यालयको समस्या उस्तै देखिन्छ । विद्यार्थी भर्नादर बढिरहे पनि विद्यालयले आफ्नो स-साना कुरा सुधारमा खासै ध्यान दिएको पाइँदैन तर पनि सामुदायिक विद्यालयमा विद्यार्थीको भर्ना दर भने केही वर्षयता बढिरहेको छ । राप्ती-१ स्थित नेपाल राष्ट्रिय माविमा एक सयभन्दा बढी नयाँ विद्यार्थी भर्ना भएका छन् । यस विद्यालयमा गएको वर्ष तीन सय विद्यार्थी थिए ।

त्यस्तै, सर्वोदय माविमा यस वर्ष मात्रै दुई सय बढी नयाँ विद्यार्थी थपिएका छन्भने जनज्योति आधारभूत विद्यालयमा ५० बढी नयाँ विद्यार्थी थपिएका छन् । सामुदायिक विद्यालयप्रति विद्यार्थीको विश्वास घटेको छैन । दक्ष शिक्षक र सुरक्षित कक्षा कोठाजस्ता कुराले सामुदायिक विद्यालयहरु निजीभन्दा राम्रा छन् । स-साना कुराहरुलाई सुधार गरे सामुदायिक विद्यालयमा आकर्षण बढ्ने स्वयं विद्यालयका प्रधानाध्यापकहरु बताउँछन् । "पछिल्लो समय जति नयाँ भर्ना भइरहेका छन्, तीमध्ये अधिकांश विद्यार्थी निजी विद्यालयबाट आएका छन्", राष्ट्रिय माविका प्रधानाध्यापक लोकेन्द्र केसीले भन्नुभयो, "हामीले सामान्य कुरामा सुधार गर्दै गऱ्यौं भने सामुदायिक विद्यालयमा विद्यार्थी दर अझै बढ्ने देखिन्छ ।"

अधिकांश सामुदायिक विद्यालयमा ठूला-ठूला भवन पनि छन् । शौचालय, खानेपानीसहित आधारभूत कुराहरु पूरा भए पनि ती कुराको सही सदुपयोग हुन सकेको छैन । विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावकहरु एकजुट भएर लागेमा विद्यालय सफल हुने प्रधानाध्यापकहरुको धारणा छ । "विद्यालय व्यवस्थापन समितिले योजना बनाउने, प्रअसहित शिक्षकहरुले कार्यान्वयन गर्नुपर्छ", जनज्योति आधारभूत विद्यालयका प्रअ कुलराज जैसीले भन्नुभयो, "त्यति गरेमा सामुदायिक विद्यालयको अवस्था सुधार हुन्छ ।" शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि भवन मात्रै महत्वपूर्ण कुरा नभई व्यवस्थापनको पाटो पनि महत्वपूर्ण हुने उहाँको भनाइ छ ।

दाङकै नमूनामध्येको एउटा विद्यालय हो-राप्ती गाउँपालिका-२ लालमटियास्थित आदर्श नमूना मावि । यहाँ दुई हजार दुई सय विद्यार्थी छन् । कक्षा १२ सम्म सञ्चालित उक्त विद्यालयमा चालु शैक्षिक सत्रमा मात्रै प्रत्येक कक्षामा ५० जना भन्दा बढी विद्यार्थी थपिएका



छन् । ती सबै नजिकैको निजी विद्यालयबाट आएको प्रधानाध्यापक किरण पोखेलले बताउनुभयो । "अहिले धेरै विद्यार्थी नयाँ थपिएका छन्, यो वर्ष मात्रै प्रत्येक कक्षामा ५० जनाभन्दा बढी विद्यार्थी थपिएका छन्", उहाँले भन्नुभयो, "यो सामुदायिक विद्यालयका लागि सकारात्मक पक्ष हो ।"

यस विद्यालयमा अहिले अङ्ग्रेजी र नेपाली दुवै माध्यममा पढाइ हुन्छ । यसले गर्दा पनि विद्यार्थीको आकर्षण बढिरहेको उहाँको भनाइ छ ।

अङ्ग्रेजी माध्याममा प्रत्येक कक्षामा तीन वटासम्म सेक्सन रहेका छन्भने नेपाली माध्यममा दुईवटा सेक्सन रहेका छन् । प्रत्येक कक्षामा ५० जनासम्म विद्यार्थी राखिएको प्रअ पोखेलले बताउनुभयो । व्यवस्थापन राम्रो भएमा सामुदायिक विद्यालय निजीभन्दा अब्बल हुन सक्छन्, भन्ने उदाहरण दिन सकिने उहाँको भनाइ छ । "हाम्रो लगावको कुरा हो, उचित व्यवस्थापनको कुरा हो, अभिभावक र विद्यार्थीको पनि सहयोगको कुरा हो", यी कुरा भएमा सामुदायिक विद्यालय पनि राम्रोसँग चल्न सक्छन् ।" कुनै पनि कक्षा खाली नगर्ने र विद्यार्थीलाई खेल्ने उचित वातावरण बनाउने हो भने विद्यार्थीको स_्या बढ्ने उहाँको भनाइ छ ।

यस विद्यालयमा कक्षा ९ देखि १२ सम्म सूचना प्रविधि (आइटी) विषय पनि पढाइ हुन्छ । त्यसले पनि विद्यार्थीको आकर्षण बढेको छ । सोही विद्यालयमा निजी स्रोतबाट विद्यालयले प्राविधिक शिक्षासहित ३० जना शिक्षक राखेको छभने १७ जनाको स्थायी दरबन्दी छ । त्यस्तै राप्ती गाउँपालिकाले १९ जना शिक्षक उपलब्ध गराएको छ ।

सामुदायिक विद्यालयले सुधारका कार्य पनि गरिरहेका छन् । विद्यालयमा किताबी ज्ञान मात्रै होइन, व्यावहारिक र बिक्ने शिक्षा आजको आवश्यकता हो ।

विद्यार्थीको शैक्षिक गुण्स्तर वृद्धि गर्न राप्ती-५ पहरुवास्थित बालकल्याण आधार भूत विद्यालय शिशु कक्षासँगै नर्सरी कक्षा पनि चलाएको छ । विद्यार्थीको हेरचाह गर्नका लागि पालैपालो बिहान ९ बजे एकजना शिक्षक आउने व्यवस्था पनि मिलाउने तयारी गरेको छ । यसले विद्यार्थीको सुरक्षामा सहज हुने प्रधानाध्यापक कालुसिंह थापाले बताउनुभयो ।

त्यस्तै, सर्वोदय मावि सिसहनियाले पढाइलाई प्रविधिमैत्री बनाउन थालेको छ । विद्यालयमा अहिले तीनवटा प्रोजेक्टर छन्भने सातवटा ल्यापटप छन् ।

त्यसबाट पठनपाठन गराइरहेको प्रधानाध्यापक गोविन्दबहादुर केसीले बताउनुभयो । भवन बन्नु मात्रै शैक्षिक गुणस्तरको सूचक नभएको बृहत् राष्ट्रिय शिक्षा अभियानका संयोजक अभिषेक घिमिरेले बताउनुभयो ।

"सामुदायिक विद्यालयका भवन ठूला-ठूला छन् तर निजी विद्यालयका जस्तापाताले छाएका हुन्छन्, त्यहाँको बढाई राम्रो थियो", उहाँले भन्नुभयो, "त्यसैले भवन बन्ने मात्रै भन्दा पनि स-साना कुरामा व्यवस्थापन गरे सामुदायिक विद्यालयको शैक्षिकस्तर धेरै माथि उठ्छ ।"

सामुदायिक विद्यालयमा दक्ष शिक्षक रहेको भन्दै ती शिक्षकले आफ्नो जिम्मेवारी राम्रोसँग पूरा गरे शैक्षिकस्तर धेरै माथि उठ्ने बताउनुभयो । धेरै ठूला समस्या छैनन्, स-साना कुराहरुलाई ख्याल गरे सुधार हुने देखिन्छ ।

अहिले पनि सामुदायिक विद्यालयहरुमा जाँदा धेरै कक्षाहरु खाली रहने गरेको भन्दै सबै कक्षामा पढाइ हुने अवस्था रहेमा मात्रै पनि धेरै कुरा सुधार हुने उहाँको भनाइ छ । धेरै सामुदायिक विद्यालयमा प्रअको नेतृत्व क्षमतामा नै समस्या देखिएको भन्दै प्रअ सक्रिय रहेमा विद्यालय सुधार हुने उहाँले बताउनुभयो ।

दाङको राप्ती गाउँपालिकाले विद्यालयमा देखिएका समस्या पहिचान गरी त्यसलाई सुधार गर्ने अभियानमा लागेको पालिका अध्यक्ष प्रकाश विष्टले बताउनुभयो । ि

वद्यालय शिक्षाको गुणस्तरमा पालिकाले विशेष जोड दिएको बताउँदै उहाँले भन्नुभयो, "अबको केही समयमा शिक्षक दरबन्दी मिलान गर्ने तयारीमा छौँ," उहाँले भन्नुभयो, "त्यसपछि जुन विद्यालयमा जे समस्या देखिन्छ, ती समस्या समाधान गर्ने अभियानमा छौँ ।"

अहिले पालिकाका जनप्रतिनिधि, सामुदायिक विद्यालयका शिक्षकलगायतले सामुदायिक विद्यालयमै आफ्ना सन्तान पढाउन सुरु गरेका छन् ।

विस्तारै सर्वसाधारणमा पनि अब आफ्ना बालबालिकालाई सामुदायिक विद्यालय नै पढाउनु पर्दछ, यसका लागि आफूहरुले पनि ती विद्यालयको भौतिक, अध्ययन गर्ने वातावरण सुधारमा ध्यान दिनुपर्छ भन्ने भावनाको विकास भएको उहाँको भनाइ छ । राप्ती गाउँपालिकामा २७ वटा सामुदायिक विद्यालय छन् ।

# प्रमुख प्रतिपक्षीको माग प्रति सरकारले वेवास्त गरिरहेको लेखकको आरोप

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले संसद्मा प्रमुख प्रतिपक्षले उठाएका महत्वपूर्ण विषयवस्तुप्रति सरकारले बेवास्ता गरिरहेको आरोप लगाएका छन् ।

पार्टी संसदीय दलको कार्यालय सिंहदरबारमा पत्रकारसँगको भेटघाटमा उनले संसदमा प्रतिपक्षले उठाएको मुद्दालाई वेवास्ता गर्दै सरकार अटेर वन्दै गएको बताउदै उनले मन्त्री वा कुनै व्यक्ति विशेष नभई हजारौं जनताको अर्बौं रकम हिनामिना र अपचलन भएको विषयमा छानबिन गरौंभन्दा त्यसलाई बेवास्ता गरिएको आरोप लगाए ।



प्रमुख सचेतक लेखकले भने, “जनताले छाक काटेर सहकारीमा राखेको रकम अपचलन गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याइनुपर्छ। मुलुकको अर्थतन्त्रको महत्वपूर्ण खम्बाका रुपमा रहेको सहकारी अभियानलाई राम्रो बनाएर लैजानुपर्छ ।” आफ्नो पार्टी सरकारमा रहँदा पनि ऐन निर्माणका लागि आवश्यक विधेयक ल्याउने र पारित गर्ने विषयमा कमी कमजोरी भएको स्वीकार्दै उनले भने, “हामी अहिले प्रतिपक्षमा छौँ, हिजोको त्यो कमी कमजोरी यथावत छ । विधायनको काम कमजोर भयो भनी आएका सुझाव बोधगम्य छ ।”

संसद्को प्रभावकारिता हुन सकेन र जनतालाई संसद् हाम्रा लागि हो भन्ने अनुभूति भएन भने व्यवस्थालाई नै कमजोर तुल्याउन सक्नेतर्फ विचार पुर्‍याउन आवश्यक रहेको बताउँदै नेता लेखकले संसद्लाई काम दिने र जवाफदेही तुल्याउने जिम्मेवारी सरकारकै भएको विचार प्रकट गरे ।


संसद्मा दलका नेताबीच मन्तव्यका क्रममा हुने आलोचनात्मक क्रियाकलापले अवलोकनका लागि आउने विद्यार्थीले के पाठ सिक्न सक्छन् भन्नेमा सचेत हुन आवश्यक रहेको बताउँदै पूर्वमन्त्री लेखकले नेकपा (एमाले) सँग नयाँ समीकरण बनाउने र अहिलेको गठवन्धन भत्काउने खेलमा आफ्नो पार्टी नरहेको प्रतिक्रिया दिए । देश र जनताका महत्वपूर्ण र आधारभूत विषयमा सरकार, प्रमुख प्रतिपक्ष दलबीच सहमति, सहकार्य र समन्वय हुन जरुरी रहेको बताउँदै उनले यसपटक पहिलाको जस्तो छायाँ सरकार बनाएर अघि बढ्ने मनस्थितिमा कांग्रेस नरहेको जानकारी दिए ।

# कार्यकर्ता इमान्दार भए नेतृत्व इमान्दार हुने : ओली

**टुडे समाचारदाता**

कपिलवस्तु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफना कार्यकताहरुलाई इमान्दार हुन आग्रह गरेका छन् ।

एमाले कपिलवस्तुको दशौं जिल्ला अधिवेशनलाई बुधबार सम्बोधन गर्दै उनले कार्यकर्ता इमान्दार भएमा नेतृत्व इमान्दार हुने र पार्टी संगठन पनि थप गतिशिल बताए । कपिलवस्तुको चन्द्रौटामा आयोजित अधिवेशनलाई सम्बोधन गर्नेक्रममा अध्यक्ष ओलीले पार्टीभित्र गुटबन्दी नगरी मिसन ८४ पूरा गर्नु सबैको दायित्व हो भने । उनले भने, “यसको लागि आजैका दिनदेखि नेता, कार्यकर्ता एक ढिक्का भएर अघि बढ्नुपर्छ । ”



उनले बुद्धको स्थल कपिलवस्तुको समग्र विकासमा जोड दिएको जनाउँदै यसको ज्वलन्त उदाहरण हुलाकी राजमार्ग भएको बताए । अधिवेशनले आगामी तीन वर्षका लागि नयाँ नेतृत्व चयन गर्ने एमाले आयोजक कमिटीले जनाएको छ । अध्यक्ष ओलीले बुधबारै कपिलवस्तुको विजयनगर गाउँपालिका निर्माण भएको १५ श्ययाको अस्पताल उद्घाटन गरेका छन् ।

# अब अतिरिक्त हुलाक नरहने सञ्चार मन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले अतिरिक्त हुलाक क्रमशः खारेज गरिने बताएकी छन् ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बुधबारको बैठकमा मन्त्री शर्माले चालु आर्थिक वर्षमा अतिरिक्त हुलाक खारेज गर्ने भनिए पनि त्यहाँ रहेका कामदार क्रमशः अवकाश हुँदै जाने र त्यो पद स्वतः खारेज हुने नीति लिइएको बताईन् ।



“चालु आर्थिक वर्षमा अतिरिक्त हुलाक खारेज गर्ने भनिएको थियो, साउन-भदौबाट हामीले काम पनि सुरु ग-यौं, एकै पटकमा सबै खारेज गर्ने भन्ने थियो तर सबैको सल्लाहमा क्रमबद्ध रुपमा गरिने भएको हो,” उनले भनिन् । उनका अनुसार अतिरिक्त हुलाकमा रहेका विभिन्न ट्रेड युनियन, अर्थ मन्त्रालय र प्रधानमन्त्रीसमेतको छलफलपछि सो समूह खारेज हुने सहमति भएको तर यस कार्य क्रमबद्ध रुपमा हुँदै जाने निष्कर्ष निकालिएको थियो । अतिरिक्त हुलाक (पाँचौं संशोधन) नियमावली २०८०, गत चैत ३० मै मन्त्रीपरिषदले स्वीकृत गरेको छ । सोही अनुरुप यही वैशाख १० गते राजपत्रमा प्रकाशन भइसकेको छ । राजपत्र अनुसार नियुक्त भएका हुलाक प्रतिनिधि, वितरक र डाँक वाहकले ५८ वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछन् । त्यसैगरी, राजपत्रमा अतिरिक्त हुलाकमा रिक्त रहेका हुलाक प्रतिनिधि, वितरक वा डाँक वाहकको पद र नियम प्रारम्भ भएपछि रिक्त हुने त्यस्तो पद स्वतः खारेज हुने भनिएको छ । पछिल्लो समयमा सूचना, प्रविधिको विकाससँगै व्यक्तिगत चिठ्ठीपत्रको अन्त्य भएकाले सरकारी बाहेक अरु कागजपत्र हुलाकबाट जाने चलन अन्त्य भएको उनको भनाइ छ ।

मन्त्री शर्माले अतिरिक्त हुलाक खारेज गर्ने नीति बनिसकेकाले नियमावलीअनुसार अनिवार्य अवकाश, पद खारेज हुने र स्वेच्छिक अवकाश गरी तीनवटा विकल्प अघि सारिएको बताईन् ।

अहिले अतिरिक्त हुलाक राख्ने अवस्था नभएकाले एक पालिका एक हुलाक राख्ने निर्णय मन्त्रीपरिषदबाट भइसकेको छ ।

# अन्तर्राष्ट्रियस्तरको बिक्री कक्ष स्थापना जरुरी : मन्त्री भण्डारी

**काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले लघु, घरेलु तथा साना उद्योगद्वारा उत्पादित वस्तुको प्रवर्द्धन गर्न केन्द्रमा अन्तर्राष्ट्रियस्तरको बिक्री कक्ष स्थापना जरुरी रहेको बताउनुभएको छ ।**

**नेपाल घरेलु तथा साना उद्योग महासङ्घ एवं केन्द्रीय महिला उद्यमी समितिले बुधबारदेखि भृकुटीमण्डपमा आयोजना गरेको नेपाल १७औँ अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सवको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले बिक्री कक्ष स्थापनाका लागि पूर्वाधार निर्माणमा आवश्यक पर्ने सहयोग र सहुलियतमा उद्योग मन्त्रालयको सहयोग रहने प्रतिबद्धता जनाउनुभयो ।**

**देशमा लघु, घरेलु तथा साना र महिलाले सञ्चालन गरेका उद्योगले ठूलो स्यामा रोजगारी सिर्जना गरेको उल्लेख गर्दै मन्त्री भण्डारीले त्यस्ता उद्योगलाई प्रवर्द्धन गर्न आगामी बजेटमा लक्षित कार्यक्रम ल्याइने बताउनुभयो । उहाँले भन्नुभयो, “सम्भावनायुक्त लघु, घरेलु तथा साना उद्योगलाई निश्चित समयका लागि सबै खाले करबाट मुक्त गरी स्वदेशी उत्पादनको अभिवृद्धि गर्न त्यस्ता उद्योगलाई पूँजी, प्रविधि र पहुँचका लागि विशेष कार्यक्रम अगाडि सारिने छ ।”**

**नेपाल घरेलु तथा साना उद्योग महासङ्घले लघु, घरेलु तथा साना र महिला उद्यमीद्वारा उत्पादित औद्योगिक उत्पादनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजार प्रवर्द्धनका लागि हरेक वर्ष आयोजना गर्दै आएको औद्योगिक प्रदर्शनीलाई राज्यका तर्फबाट गर्नुपर्ने सहयोगमा कमी नहुने मन्त्री भण्डारीको भनाइ थियो ।**

**स्वदेशी वस्तुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनका लागि महासङ्घले पहल गर्दै आएको बिक्री कक्ष स्थापना, स्वदेशी वस्तु बिक्री बजार, सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोगजस्ता अभियान सकारात्मक रहेको उल्लेख गर्दै उहाँले यसको कार्यान्वयनमा सरकारको सहयोग रहनेमा जोड दिनुभयो ।**

**मन्त्री भण्डारीले भन्नुभयो, “स्वदेशी वस्तुको उत्पादन र उपभोग अभिवृद्धिका लागि सरकारद्वारा सञ्चालित प्रधानमन्त्री स्वदेशी वस्तु उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमलगायत उद्योग प्रवर्द्धनका विभिन्न कार्यक्रम र सोसँग विभिन्न कोषको द्रुततर कार्यान्वयनका लागि पहल गरिनेछ ।” रासस**

# सहकारीमा दोस्रो तहको नियामक अतिआवश्यक : पूर्वअर्थमन्त्री खतिवडा

**काठमाण्डु** । पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले सहकारीमा दोस्रो तहको नियामक अतिआवश्यक रहेको बताउनुभएको छ ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ (नेफ्स्कून) को आयोजनामा हिजोदेखि सुरु भएको दोस्रो लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठीअन्तर्गत बुधबार दोस्रो दिन ‘वित्तीय सहकारीमा आन्तरिक नियन्त्रण प्रणालीः विश्व अभ्यास नेपालको सम्भावना’ विषयको कार्यपत्रमाथि टिप्पणी राख्दै उहाँले सहकारीको प्रभावकारी नियमन तथा सुपरिवेक्षणका लागि दोस्रो तहको नियामक तत्काल आवश्यक रहेको बताउनुभयो ।

पूर्वअर्थमन्त्री डा खतिवडाले सहकारीको समस्या समाधानमा कुनै पनि निकाय जिम्मेवार नबनेको धारणा समेत राख्नुभयो । बैङ्कहरु समस्यामा पर्दा र तरलताको अभाव हुँदा ढुकुटी खोलेर बजारमा पैसा पठाउँछन्, अहिले सहकारीहरु समस्यामा छन् । सहकारीका समस्या समाधान गर्न कुनै पनि निकाय जिम्मेवार भएर लागेका छैनन्”, उहाँले भन्नुभयो । डा खतिवडाले सहकारीमा स्वायत्तता तथा स्वनियमन भनेर समस्या सिर्जना हुनाका साथै वर्तमान सङ्कट देखिएको बताउँदै अब दोस्रो तहको नियामक अतिआवश्यक रहेको धारणा राख्नुभयो । उहाँले बैङ्कको ब्याज खुला छोड्दा सहकारीको ब्याजमा सीमा तोक्ने विषयमाथि पनि प्रश्न गर्नुभयो ।

“हामीले आफैँ काम गर्न नसकेपछि अर्काको नियन्त्रणमा बस्ने हो । सहकारीमा स्वायत्ततासँगै जवाफदेहिताबाट हुनुपर्छ । अराजकताले सङ्कट ल्याउँछ, तसर्थ, अराजकता अन्त्यका लागि दोस्रो तहको नियामक अतिआवश्यक छ”, डा खतिवडाले भन्नुभयो । उहाँले अहिले सहकारीमा विशेष प्रकारका चुनौती रहेको भन्दै ती चुनौतीको सामना गर्न कानुनको परिपालना आवश्यक रहेको बताउनुभयो । सहकारी वित्त कम्पनीसरह चलेकाले पनि समस्या सिर्जना भएको उहाँको भनाइ छ ।

विश्व ऋण परिषद्की सल्लाहकार तथा इन्टरनेसनल एडभोकेसी एन्ड रेगुलेटरी काउन्सेल एरिक ओ हर्नले सहकारी संस्थाको दिगोपनाका लागि संस्थाको लेखा सुपरिवेक्षण समिति बलियो हुनुपर्ने बताउनुभयो । विश्व ऋण परिषद्का लागि अन्तर्राष्ट्रिय वकालत तथा सल्लाहकारका रूपमा काम गर्दै आउनुभएको उहाँले लेखा सुपरिवेक्षण समितिमा कार्यरत व्यक्ति आफैँमा योग्य हुनुपर्ने धारणा राख्नुभयो । “योग्य व्यक्तिबाट नेतृत्व गर्दा संस्थामा दिगोपना र स्थायित्वमा स्थापन हुँदै जानेछ”, उहाँले भन्नुभयो ।

हर्नले लेखा सुपरिवेक्षण समितिले सहकारीको सञ्चालक समितिलाई पनि सही किसिमले सल्लाह दिएर जिम्मेवारी निर्वाह गर्नुपर्ने बताउनुभयो ।

सहकारीमा वित्तीय साक्षरता, नीतिनियमको परिपालना र सदस्यमा विश्वसनियता आवश्यक हुने धारणा राख्नुभयो । “लेखा सुपरिवेक्षण समिति स्वतन्त्र निकाय हो, यसको आफ्नै जिम्मेवारी र भूमिका हुन्छ । रासस

# अर्थतन्त्रमा गुणात्मक योगदान पुग्ने प्रधानमन्त्रीको विश्वास

**काठमाण्डु** । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यान्वयनमा आएसँगै राष्ट्रिय अर्थतन्त्रमा गुणात्मक योगदान पुग्ने बताउनुभएको छ ।

सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको आज सिन्धुलीको सुनकोशी गाउँपालिका-७ कानढुङ्गीमा सुरूङ ‘ब्रेक-थ्रु’ गर्नुहुँदै प्रधानमन्त्री दाहालले आयोजना सम्पन्न भएपछि सिँचाइ प्रणालीमा सुधार भएर कृषि उत्पादन बृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । “यस आयोजनाले मधेस प्रदेशका पाँच जिल्लाका उर्वरभूमिमा वर्षैभरि सिँचाइ सुविधा पुग्नेछ, राष्ट्रिय अर्थतन्त्रमा गुणात्मक योगदान पुग्नुका साथै बिजुली उत्पादन हुनेछ,” प्रधानमन्त्री दाहालले भन्नुभयो, “आज सुरूङको ‘ब्रेक-थ्रु’ भएको छ, यस आयोजनाको बाँकी कामसमेत निर्धारित समयमा नै सम्पन्न हुनेछ ।”

सुनकोशी मरिण डाईभर्सन बहुउद्देश्यीय आयोजना रूपान्तरणकारी राष्ट्रिय गौरवको आयोजना भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आयोजनाहरू सम्पन्न हुँदा उत्पादकत्व अभिवृद्धि र समृद्धिको लक्ष्यमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “सुरूङमार्गको ब्रेक-थ्रु सम्पन्न हुँदा हामी सबैमा नयाँ ऊर्जा र प्रेरणा मिलेको छ । ठूला पूर्वाधार निर्माणमा उत्साह थपेको छ ।”

कृषि क्षेत्र नेपालको आर्थिक विकासको मुख्य मेरूदण्ड हुनुका साथै कुल ग्राहस्थ उत्पादनमा झन्डै एकतिहाइ योगदान रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले देशका लागि आवश्यकपर्ने खाद्यान्न आपूर्तिमा आत्मनिर्भर हुन, खाद्य सुरक्षाको सुनिश्चित गर्न, जनताको आर्थिक उत्थान र समृद्धिका साथै गरिवी न्यूनीकरण गर्न कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि अपरिहार्य रहेको बताउनुभयो । नेपालको ६० प्रतिशत कृषियोग्य भूमि तराई मधेश तथा भित्री मधेशभित्र नै पर्ने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले तराई-मधेश क्षेत्रमा विकास भई सञ्चालन भइरहेका सिँचाइ आयोजनाहरू नदी बहाव प्रणालीमा आधारित रहेका बताउनुभयो ।

हिमनदीहरूको पानी कृषि उत्पादनका लागि प्रयोग गरिनुपर्ने बताउँदै उहाँले सोही पानीको स्रोतलाई जलविद्युत् उत्पादन, खानेपानीलगायत अन्य प्रयोजनमा प्रयोग गरी राष्ट्रको समग्र विकास गरिने उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री दाहालले ठूला पूर्वाधारहरूको सफल निर्माणबाट नै नेपालमा सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य हासिल हुने भएकाले आयोजना समयमै सम्पन्न गर्न निर्देशन दिनुभयो । उहाँले देशको रूपान्तरणकारी राष्ट्रिय गौरवको आयोजनालाई प्रभावकारी रूपमा सम्पन्न गर्ने कार्यमा आ-आफ्नो ठाउँबाट समन्वय र सहयोग गर्न अपील गर्नुभयो ।

यस आयोजनाको सफल कार्यान्वयनबाट जलस्रोत तथा सिँचाइ क्षेत्रमा कार्यरत प्राविधिकहरूको नयाँ प्रविधिको उपयोग गर्दै प्राविधिक दक्षता हासिल गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जलस्रोतको संयोजनात्मक रूपमा उपयोग गरी उर्वर भूमिबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयातको असन्तुलन कम गर्न मद्दत पुग्ने बताउनुभयो ।

आयोजना सञ्चालनपश्चात् सुनकोशी र तामाकोशी क्षेत्रमा बसोवास गर्ने जनसङ्ख्याको बहुआयामिक विकास हुने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यस क्षेत्रमा माछापालनदेखि आन्तरिक तथा बाह्य पर्यटनको उल्लेख्य वृद्धि एवं मनोरञ्जन तथा ताल/जलासयमा पर्यटन व्यवसाय फस्टाउने बताउनुभयो ।

सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना सिन्धुली र रामेछाप जिल्लाको सीमानाबाट सुनकोशी नदीको पानीलाई १३ दशमलव ३ किलोमिटर लामो सुरूङमार्फत मरिन नदीमा खसाली बागमती नदी हुँदै बागमती सिँचाइ आयोजनामा पुऱ्याउने छ । हाल सिँचाइ भइरहेको ४५ हजार ६०० हेक्टर जमीनसहित धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारामा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने आयोजनाको प्रमुख उद्देश्य रहेको छ ।रासस

# राजनीतिक नेतृत्वले राज्यप्रति जनविश्वास बढ्ने काम गर्नुपर्छ : दुर्गाकुमारी गुरुङ

**काठमाण्डु** । मुलुकको वर्तमान संसदीय अभ्यासका सकारात्मक एवं नकारात्मक पक्ष छन् । नकारात्मक पक्षमा सुधारको ठूलो खाँचो छ । आगामी दिनमा सुधार्दै अघिबढ्नुपर्छ । राजनीतिलाई स्थायित्व प्रदान गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासलाई सुदृढ गर्दै देशलाई समृद्धितर्फको यात्रामा लैजानुपर्ने विषयमा केही ढिलासुस्ती र कमीकमजोरी भएको छ । राजनीतिक परिवर्तनपछि पनि जनअपेक्षाअनुरुप सुशासन कायम हुन भएको छैन । जनताले राज्यबाट प्रदान गरिने सेवासुविधा सहज रूपमा प्राप्त गर्न कठिनाइ अनुभव गरिरहेका छन् ।

कानुन निर्माणका निम्ति सरकार, संसद् र सांसदहरूको जति सक्रियता हुनुपर्थ्यो त्यो नभएको हो कि भन्ने हामीलाई नै महसुस भएको छ । सबै पक्षका सहमति र विश्वासमा अघि बढाउनुपर्ने हुँदा गति कमजोर छ । गुणस्तरीय कानुन निर्माणमा ढिलाइ भएकै कारण विगतको द्वन्द्वका पीडित हुन् वा पछि बलात्कारबाट ज्यान गुमाउनुपरेकी निर्मला पन्तका परिवारले पनि न्याय पाउन सकेका छैनन् । हामीजस्ता दूरदराजबाट आएका विधायकलाई ऐन बनाउनुअघि कानुनी पाटो-पक्षमा जति प्रशिक्षण र जानकारी गराउनुपर्ने थियो, त्यो नभएको जस्तो पनि लागेको छ । बनाइएका कानुन गुणस्तरीय भएन भने त्यसले कहाँ र कसरी असर पुर्याउन सक्छ भनी सांसदहरूलाई नियमित प्रशिक्षण दिन आवश्यक छ ।

मुलुकको राजनीतिक वृत्तमा देखिएको गठबन्धनको शैलीले दल विशेषको आदर्श र सिद्धान्तलाई कमजोर बनाएको छ । गठबन्धन गर्नेभन्दा समाजमा राम्रो काम गरी चुनावमा जनताको मन जित्ने काम गर्न आवश्यक छ । मेरो परिवार तत्कालीन माओवादी विद्रोहीहरूबाट पीडित हो । गत आमनिर्वाचनमा नेपाली कांग्रेसले उसैसँग गठबन्धन गर्यो । चुनावमा उसैलाई सहयोग गर्नुपर्यो । दलको नेतृत्वले चालेका कदम चित्त बुझे पनि नबुझे पनि सहयोग गर्नैपर्ने अवस्था आयो । यस्तो कार्यप्रति पार्टीभित्र मेरो असहमति छ ।

दुर्गम क्षेत्रबाट प्रतिनिधित्व गर्ने भएकाले जनताले भेट्दा त्यहाँका समस्या र आवश्यकताका विषय बढी उठाउनुहुन्छ । कानुनका विषय पनि उठ्छन् नै । हामीले कानुन र विकास दुवैलाई तालमेल गर्दै लैजानुपर्छ । राष्ट्रियसभालाई एउटा समावेशी र प्रबुद्ध वर्गको प्रतिनिधित्व रहेको सभा भएकाले त्यहाँ समाजका विभिन्न क्षेत्रमा योगदान पुर्याएका र राष्ट्रिय राजनीतिमा ओझेलमा परेका व्यक्तिलाई समेट्ने कोसिस भएको छ । मेरा श्रीमान् (यज्ञबहादुर गुरुङ) जिल्ला खेलकुदको अध्यक्ष र तरुण दलको अध्यक्ष हुनुहुन्थ्यो । विसं २०५८ पुस २७ गते विद्रोही पक्षको आक्रमणमा पर्नुभयो । म द्वन्द्वपीडित परिवार हुँ । अहिले पार्टीले यो जिम्मेवारीमा पुर्याएको छ । न्याय पाएँ भन्ने महसुस पनि भएको छ ।

अहिले देशमा भ्रष्टाचार मौलाउनुमा उच्च राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको दोष छ । भ्रष्टाचारकै कारण व्यक्ति मोटाउने, देश दुब्लाउने जस्तो विषम परिस्थिति छ । सामान्य जनताले पैसा नखुवाई काम बन्दैन । पहुँच र प्रभावका आधारमा निर्णय र अवसर प्राप्त गर्ने परिस्थिति छ । लामो सङ्घर्ष र बलिदानीबाट प्राप्त लोकतन्त्रलाई सुदृढ तुल्याउन कानुन कार्यान्वयनमा जोड दिनुपर्छ । राजनीतिक नेताले नहुने र नसक्ने कुरामा पनि आश्वासन बाँड्ने कार्य बन्द गर्नुपर्छ ।

चुनाव जितेपछि पनि दलहरूले मतदाताका बीचमा पुग्ने र समस्या बुझ्ने काम गर्नुपर्छ । जनतालाई सेवासुविधा घरदैलोबाटै सहज र सुलभ ढङ्गबाट प्रदान गर्न सक्नुपर्छ । जनताले न्याय, सुशासनको अनुभूति गर्न पाउनुपर्छ ।


मधेश प्रदेश सरकार

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

गौर, रौतहट

**धानबालीको वीउ आपुर्तिकर्ताको लागि आपूर्तिकर्ता सुचितकृत हुने सम्बन्धी प्रति इकाई दरभाउ सहित शिलबन्दी आवेदन/प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८१/०१/२६**

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उन्नत जातको वीउ विजन बितरण कार्यक्रम अन्तर्गत सुचितकृत उन्नत जातको धानबालीको वीउ ५० प्रतिशत अनुदानमा यी जिल्लाका कृषक/समुह/सहकारी/उधमीहरुलाई बिक्री वितरण गर्ने आपुर्तिकर्ता सुचिकृत हुने सम्बन्धी प्रति इकाई दर भाउ सहितको शिलबन्दी आवेदन प्रस्ताव आव्हानको सूचना प्रकाशन गरेको छ । प्राप्त दरभाउहरु मध्ये गुणस्तर तथा न्यूनतम मुल्यको आधारमा अनुदान स्वीकृत हुने तथा छनौट सुचित परेका आपूर्तिकताहरुसंग प्रति नै इकाई वीउहरुको आपुर्ति सम्झौता गरी कृषकस्तरमा आपुर्ति कार्य गर्ने र अनुदान बाहेक कृषक दायीत्वको मुल्य रकम कृषकबाट भुक्ताली बुझी लिई वीउ आपुर्ति बिक्री गरेको आपुर्ति परिमाणको आधारमा बिल भरपाई तथा आपुर्ति आदेश लगायतको कागजात पेश गरी स्वीकृत तोकिएको अनुदान रकम मात्र भुक्तालो पाउने गरी निर्धारित आपुर्ति प्रक्रिया अनुसार कार्य संचालन हुने भएकोले प्रचलित कानुन बमोजिम इच्छुक आपुर्तिकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मितिः २०८१/०२/०९ )कार्यालय समय भित्र आवेदन प्रस्ताव फारम (मितिः २०८१/०२/०९ गते दिनको दिउँसो १२:०० बजे सम्म यस कार्यालयमा आफुले आपुर्ति गर्न सक्ने वीउहरुको विवरणहरु आवेदन फारममा उल्लेख गरी तपसिल अनुसारका कागजातहरु संग्लन गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सोही दिन अपरान्ह २:०० बजे प्रस्तावहरु खोलिने व्यहोरा जानकारी गराईन्छ । सम्बन्धित कार्यलयको प्रतिनिधीहरुको रोहवरमा खोलिन्छ । अन्य विस्तृत जानकारी आवेदन फारममा उल्लेख गरिएको छ । आवेदन प्रस्तावपत्र सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यलयमा निहित रहनेछ ।

**आवश्यक कागजातहरूः**

- रु. १० को टिकट टाँस गरेको ।
- नविकरण सहित संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी (बीउ विजन कारोवार उल्लेख भएको हुनु पर्ने) ।
- आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
- स्थायी लेखा (पान) प्रमाण पत्रको प्रतिलिपी (बीउ विजन कारोवार उल्लेख भएको हुनु पर्ने) ।
- नविकरण सहितको उन्नत वीउ विजन उत्पादनको अनुमति-पत्रको प्रतिलिपी ।
- वीउ विश्लेषण प्रमाण पत्रको प्रतिलिपी ।

**नि.कार्यालय प्रमुख**

# म्यान्मामा विस्थापितहरूको संख्या ३० लाख : राष्ट्रसङ्घ

**एएफपी**

याङ्गुन। म्यान्मामा विस्थापित व्यक्तिहरूको संखया तीस लाख पुगेको संयुक्त राष्ट्रसङ्घले बताएको छ। यीमध्ये अधिकांश सेनाको सन् २०२१ को विद्रोहबाट सुरु भएको द्वन्द्वका कारण आफ्नो घर छोड्न बाध्य भएका छन्।




लोकतन्त्रको अल्पकालीन प्रयोगपछि आङ सान सु कीको सरकारलाई पतन गराउने विद्रोहपछि करिब २७ लाख पलायन भएका छन्। यो सैन्य विद्रोहले स्थापित जातीय सशस्त्र समूहहरूसँग नयाँ झडप सुरु गऱ्यो र दर्जनौं 'पिपुल्स डिफेन्स फोर्सेस' बललाई जन्मायो। तिनीहरूलाई दबाउन सेना असफल भएको छ।

म्यान्मा सन् २०२४ मा गहिरो मानवीय सङ्कटको मुखमा छ", राष्ट्रसङ्घीय आवासीय संयोजकले सोमबार जारी गरेको विज्ञप्तिमा बताउनुभएको छ। विज्ञप्तिअनुसार विस्थापितमध्ये एक तिहाई बालबालिका रहेको अनुमान गरिएको छ। गत वर्षको अन्त्यदेखि जातीय सशस्त्र समूहहरूको गठबन्धनले उत्तरी शान राज्यमा आक्रमण सुरु गरेपछि तीस लाखमध्ये करिब आधा विस्थापित भएको विज्ञप्तिमा उल्लेख छ।

> लोकतन्त्रको अल्पकालीन प्रयोगपछि आङ सान सु कीको सरकारलाई पतन गराउने विद्रोहपछि करिब २७ लाख पलायन भएका छन्। यो सैन्य विद्रोहले स्थापित जातीय सशस्त्र समूहहरुसँग नयाँ झडप सुरु गऱ्यो र दर्जनौं "पिपुल्स डिफेन्स फोर्सेस" बललाई जन्मायो।

आक्रामक कारवाहीले र चीन सीमामा धैरै क्षेत्र र लाभदायक व्यापार क्रसिङलाई कब्जा गरेको छ।

यसले सत्ता कब्जा गरेपछि जुन्ताका लागि सबैभन्दा ठूलो खतरा सिर्जना गरेको छ। म्यान्माको सीमावर्ती क्षेत्रमा जातीय सशस्त्र समूहहरूको बाहुल्य छ। तीमध्ये धेरैले सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएपछि स्वायत्तता र आकर्षक स्रोतहरूको नियन्त्रणलाई लिएर सेनासँग लडिरहेका छन्।

संयुक्त राष्ट्रसङ्घले विशेषगरी मे-जुन चक्रवातको मौसमअघि राहत कार्यमा गम्भीर आर्थिक अभावले बाधा पुऱ्याइरहेको बताएको छ।

गत वर्ष चक्रवात मोचाले पश्चिमी म्यान्माको रखाइन राज्यमा प्रहार गरेको र कम्तीमा एक सय ४८ जनाको ज्यान गएको थियो। अराकान आर्मी र सेनाबीचको द्वन्द्वका कारण नोभेम्बरदेखि चर्चामा आएको पश्चिमी रखाइन राज्यमा हाल तीन लाख ५५ हजारभन्दा बढी मानिस विस्थापित भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

# युक्रेनका थप दुई गाउँ कब्जा गरेको रुसको भनाइ

**एएफपी**

मस्को। रुसले युक्रेनका थप दुई सीमावर्ती गाउँ कब्जा गरेको बुधबार बताएको छ। यसमा दुई वर्षअघि आफ्ना रुसी सेनालाई पछाडि धकेलिएको खार्किभ क्षेत्र पनि समावेश छ।

मस्कोले हालका महिनाहरूमा मोर्चामा अग्रता हासिल गरेको छ। किएभले मस्कोले फेब्रुअरीमा कब्जा गरेको थियो।

युक्रेनी सेनामा गोला-बारुदको गम्भीर अभावको फाइदा उठाएर रुसले उत्तरपूर्वमा नयाँ आक्रमणको तयारी गरिरहेको हुनसक्छ भन्नेमा युक्रेनका अधिकारीहरू चिन्तित छन्। युक्रेनका कमान्डर-इन-चिफ अलेक्जेन्डर सिरस्कीले अप्रिलमा किएभ तीन वटा गाउँबाट पछि हटेको



पश्चिमी सहयोगको महत्त्वपर्ण आपूर्तिको प्रतीक्षा गरिरहेको बेला रुसले युद्धमैदानमा आफ्नो जनशक्ति र हतियारको फाइदाका कारण दबाब बढाएको छ।

रुसी रक्षा मन्त्रालयले उसको सेनाले 'खार्किभ क्षेत्रमा किस्लिभ्का गाउँ' र 'डोनेट्स्क पिपुल्स रिपब्लिकमा नोभोकालिनोभ' लाई मुक्त गरेको जनाएको छ। किस्लिभ्का सङ्कटग्रस्त युक्रेनी गढ कुपियान्स्कबाट करिब २० किलोमिटर टाढा छ भने नोभोकालिनोभ अवडिभकाबाट करिब १० किलोमिटर उत्तरमा छ। यी गाउँलाई र अगाडिको रक्षा गर्नका लागि किल्लाको नयाँ लाइन बनाइरहेको स्वीकार गर्नुभएको थियो।

अलगरूपमा रुसी रक्षा मन्त्रालयले किएभले रातभर हवाई आक्रमण गरेपछि युक्रेनी ऊर्जा र सैन्य केन्द्रविरुद्ध जवाफी आक्रमण सुरु गरेको बताएको छ। "रुसी ऊर्जा सुविधाहरूमा क्षति पुर्याउन किएभ शासनको प्रयासको जवाफमा आज बिहान रुसी सङ्घको सशस्त्र सेनाले युक्रेनको सैन्य-औद्योगिक परिसरको ऊर्जा सुविधा तथा उद्यमहरूविरुद्ध सामूहिक आक्रमण सुरु गरेको छ", मन्त्रालयले भनेको छ।

# आईपीएलमा धमाका गर्ने सुनिल नारायणलाई विश्वकपमा इन्ट्री पाएन



**काठमाण्डु**। हरेक खेलाडीले करिअरमा कुनै न कुनै समय खराब लयको सामना गर्नपर्छ नै। आलोचना खेप्नुपर्ने मात्र होइन, टोलीबाट बाहिर जानुपर्ने जोखिम पनि उत्तिकै हुन्छ। अझ इन्डियन प्रिमियर लिग (आईपीएल) मा त फ्रेन्चाइज टिमले रिलिज गरिदिने सम्भावना धेरै हुन्छ। कोलकाता नाइट राइडर्सका क्यारेबियन स्पिन अलराउण्डर सुनिल नारायणको पछिल्ला तीन संस्करण ब्याटिङमा प्रदर्शन सम्झन लायक थिएन। सन् २०२३ को सिजनमा उनले १४ खेलमा २१ रन जोड्दा ११ विकेट लिएका थिए। त्यसअघि २०२२ मा ७१ रन बनाउँदा ९ विकेट लिएका थिए। २०२१ मा ६२ रन र १६ विकेट, २०२० मा १२१ रन र ५ विकेट, अनि २०१९ मा १४३ रन र १० विकेट।

एकपछि अर्को सिजन राम्रो प्रदर्शन गर्न नसकेपछि कोलकाताका समर्थकले भन्न थालेका थिए, सुनिल नारायण अब बुढो भए, खेल्न सक्दैनन्। बरु उनका लागि खर्चिएको ६ करोड भारुमा अर्को राम्रो म्याच विनर आउन सक्ने समर्थकको तर्क थियो। तर कोलकाताले २०२४ मा पनि ३६ वर्षीय सुनिल नारायणलाई निरन्तरता मात्र दिएन, ओपनरका रुपमा खेलायो। उनले पनि ब्याटिङ र बलिङमा दमदार प्रदर्शनबाट टिमको विश्वासलाई सही साबित गरिदिएका छन्।

यस सिजनमा कोलकाताले ११ मध्ये ८ मा जित र ३ मा हारसहित १६ अंकका साथ शीर्ष स्थानमा छ। टिमलाई शीर्ष स्थानमा राख्न महत्वपूर्ण भूमिका खेलेका उनले एक शतक, ३ अर्धशतकसहित ४६१ रन बनाउँदा १४ विकेट लिएका छन्। जबकी यसअघि २०१८ को सिजनमा बनाएको ३५७ रन नै उनको सर्वाधिक स्कोर थियो। यो सिजन उनले १६ अप्रिलमा राजस्थान रोयल्सविरुद्ध इडेन गार्डेनमा ५६ बलमा १३ चौका र ६ छक्कासहित १०९ रनको शतकीय इनिङ खेले। स्पिन अलराउण्डर सुनिल नारायणको यो आईपीएल मात्रै नभई करि अरकै पहिलो शतक थियो। ५ मेमा लखनऊविरुद्ध ३९ बलमा ६ चौका र ७ छक्कासहित ८१ तथा अघिल्लो महिना दिल्लीविरुद्ध ३९ बलमा ७ चौका र ७ छक्कासहित ८५ रनको इनिङ खेले। अफस्पिन बलिङ गर्ने उनी पावर प्ले र मध्यक्रममा त्यति नै प्रभावशाली प्रदर्शन गरेका छन्। २०१२ मा कोलकाताबाट राजस्थान रोयल्सविरुद्ध ८ अप्रिलमा डेब्यू गर्दा उनी २३ वर्षका थिए। कोलकातालाई पहिलो उपाधि जिताउन भूमिका खेलेका उनी २४ विकेटका साथ प्लेयर अफ द टुर्नामेन्ट चुनिएका थिए। २०१४ मा कोलकाताले दोस्रो पटक आईपीएल उपाधि जित्दा उनले २१ विकेट लिएका थिए।

'मलाई लाग्छ, सबैभन्दा महत्वपूर्ण कुरा राम्रो सुरुवात गर्नु हो। सपोर्ट स्टाफ (टिम म्यानेजमेन्ट) ले मलाई साथ दिए, कोचिङ स्टाफले मेरा लागि काम गरे', यो पटक फेरि राम्रो लयमा देखिएका सुनिलले लखनऊविरुद्ध प्लेयर अफ द म्याच चुनिएपछि भने, 'आशा छ, बाँकी प्रतियोगिता पनि राम्रो हुनेछ।' कोलकाताले दुई पटक उपाधि जित्दाका कप्तान गौतम गम्भीर यस पटक मेन्टरको रुपमा फर्किएका छन्। २०१८ मा गम्भीरले दिल्ली क्यापिटल्सबाट आईपीएल खेलेपनि खराब प्रदर्शनले बीचमै कप्तानी छाडेका थिए।

२०२२ र २०२३ मा गम्भीर लखनऊ सुपर जायन्ट्समा थिए। यो पटक कोलकातामा मेन्टरका रुपमा आएका उनले आफ्नो आत्मविश्वास बढाएको सुनिल बताउँछन्। 'गम्भीरले मलाई कन्फिडेन्स दिँदै ओपनरको रुपमा खेल्छु भन्ने आश्वासन दिए', राजस्थानविरुद्ध शतक हानेपछि नारायणले भनेका थिए, 'म टोलीलाई सबै खेलमा धेरै राम्रो सुरुवात दिलाउन चाहन्छु।' यद्यपि त्यो खेलमा कोलकाता २ विकेटले पराजित भएको थियो। तर उनले ओपनरको भूमिका पाइरहे।

आईपीएलमा उत्कृष्ट प्रदर्शनसँगै टी-२० विश्वकप खेल्ने वेष्टइण्डिज टिममा उनको पुनरागमनबारे समेत चर्चा सुरु भयो। वेष्टइण्डिजले अर्को महिना अमेरिकासँग मिलेर टी-२० विश्वकपको आयोजना गर्दैछ। अनि, पाकिस्तानका तीव्र गतिका बलर मोहम्मद आमिर र मोहम्मद वासिम पनि सन्न्यास फिर्ता लिएर विश्वकप छनोट प्रक्रियामा छन्। त्यसैले सुनिल नारायण पनि सन्न्यास फिर्ता लिँदै वेष्टइण्डिजबाट टी-२० विश्वकप खेल्नसक्ने अनुमान थियो।

वेष्टइण्डिजका टी-२० कप्तान रोभम्यान पावेलले समेत अघिल्लो महिना उनलाई टोलीमा फर्खाउन प्रयास गर्ने बताएका थिए। तर सुनिल नारायणले सन्यास फिर्ता नलिने अडान लिए। 'मेरो हालको प्रदर्शनले मानिसहरु सन्यास फिर्ता लिएर आगामी टी-२० विश्वकप खेल्न उत्प्रेरित गरेका छन्' वेष्टइण्डिजले टी-२० विश्वकप खेल्ने टोली घोषणा गर्नु अघि नै उनले २३ अप्रिलमा इन्टाग्राममा लेखे, 'म त्यो निर्णयबाट कहिल्यै निराश हुन्न। मेरो वेष्टइन्डिजको टोलीमा फर्किने ढोका बन्द छ।'

कमजोर प्रदर्शन गरेका टिमले विश्वास गरेकाले यो पटक विश्वकप टोलीमा पर्न नचाहेको मानिन्छ। २०१२ मा वेष्टइण्डिजले पहिलो पटक टी-२० विश्वकप जित्दा सुनिल नारायणले ९ विकेट लिँदै उत्कृष्ट प्रभाव छाडेका थिए। २०१६ मा बलिङ एक्सनमा प्रतिबन्ध लागेपछि ब्याटरको रुपमा मात्रै उनी टोलीमा पर्न सकेनन्। फाइनलमा कार्लोस ब्रेथवेटले इंग्लयाण्डका बेन स्टोक्सलाई लगातार ४ छक्का प्रहार गर्दै दोस्रो पटक उपाधि जिताएका थिए।

सुनिल नारायण २०२१ र २०२२ को टी-२० विश्वकप खेल्न चाहन्थे। तर टोलीमा नपरेपछि २०२३ नोभेम्बरमा नारायणले लिए। यो पटक सन्यास फिर्ता लिएर टिममा फर्किन नचाहेका उनले वेष्टइण्डिज टिममा भएका खेलाडीहरु नै उपाधि दिलाउन सक्षम रहेको प्रतिक्रिया दिएका छन्। उनले अगाडि भने, 'पछिल्लो केही महिनादेखि खेलाडीहरुले कडा मिहिनेत गरेका छन्। हाम्रा अद्भूत समर्थकलाई अर्को उपाधि जिताउन उनीहरु सक्षम छन्।' अनलाईन खवर

# भारी वर्षाले उत्तरी हाइटीमा पहिरो जाँदा १३ जनाको मृत्यु

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ। हिंसाग्रस्त हाइटीको उत्तरपश्चिममा भर्खरै आएको भारी वर्षाका कारण बाढी र पहिरोमा परी १३ जनाको ज्यान गएको संयुक्त राष्ट्रसङ्घका मानवीय सहायताकर्मीहरूले मङ्गलबार बताएका छन्। मानवीय मामिला समन्वयका लागि राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) ले स्थानीय अधिकारीहरूले क्याप-हाइटेनमा पहिरोमा परी १३ जनाको मृत्यु भएको बताएको उल्लेख गरेको छ।

पोर्ट-ओ-प्रिन्सको राजधानीमा घातक गिरोह हिंसाबाट भागेका धेरै मानिसले देशको उत्तरतर्फ सुरक्षा माग गरेका छन्। यसमा मुलुकको उत्तरी तटसँगै क्याप-हाइटियन क्षेत्र पनि सामेल छ। स्थानीय अधिकारीहरूले मुसलधारे वर्षाले घर तथा व्यवसायमा समेत क्षति पुगेको बताएका छन्। आगामी दिनमा राजधानी लगायत अन्य भागमा थप वर्षा र बाढी आउने अपेक्षा गरिएको ओसिएचएले जानकारी गराएको छ। यी भागमा जारी हिंसाबाट विस्थापित मानिसले भारी वर्षाअघि सरसफाइ चुनौतीको सामना गरिरहेका थिए। शुक्रबारदेखि भारी वर्षा सुरु भएको छ।

ओसीएचएले राजधानीमा भएको हिंसासँग सम्बन्धित विज्ञप्तिमा हाइटीका अन्तरिम मानवीय संयोजक ब्रुनो मेसले सोलिनो छिमेक र पोर्ट-ओ-प्रिन्सको वरपरका क्षेत्रहरूमा बारम्बार आक्रमणको गहिरो मानवीय प्रभावको कडा निन्दा गर्नुभएको बताएको छ। उक्त आक्रमणका कारण मानिसहरू आफ्नो घरबाट भागेका छन्।

"सोलिनोमा पानी, खाना र इन्धनसम्मको पहुँचमा वञ्चित भएका महिला, बालबालिका र पुरुषसहित नागरिक जनसङ्ख्याको घेराबन्दी आधारभूत मानवीय मान्यताको स्पष्ट उल्लङ्घन हो", ब्रुनो मेसले भन्नुभयो, "बासिन्दाहरू आफ्नो घरमा बिना कुनै डर पूरै सुरक्षाका साथ बस्न सकुन् र मानवतावादी कलाकारहरूले प्रभावित मानिसहरूलाई सहयोग गर्न सकुन् भनेर म यी कार्यका अपराधीहरूलाई हिंसा बन्द गर्न आग्रह गर्दछु।"

# 'ओराङ्गुटान कूटनीति' सुरु गर्ने मलेसियाको योजना

**एएफपी**

क्वालालम्पुर। मलेसियाले चीनको पाण्डा कूटनीति जस्तै पहलको एक भागका रूपमा पाम तेल खरिद गर्ने देशहरूलाई ओराङ्गुटान उपहार दिन खोजेको कमोडिटी मन्त्रीले बुधबार बताउनुभएको छ। ओराङ्गुटान अत्यन्तै धैर्यवान र बुद्धिमान स्तनधारी प्राणी हो।

यिनीहरू औसत बाँदरभन्दा ठूला हुन्छन्। एउटा ओराङ्गुटानको तौल एक सयदेखि दुई सय पाउन्डसम्म हुन्छ। दिनको समयमा तिनीहरू धेरैजसो समय आराम गर्छन्।



मन्त्री जोहरी अब्दुल घानीले 'ओराङ्गुटान कूटनीति' रणनीतिले पाम तेल व्यापार गर्ने राष्ट्रहरू विशेष गरी ईयु र भारत जस्ता प्रमुख आयातकर्ता क्षेत्रहरूलाई लोपोन्मुख महान् वानर उपहार दिइने बताउनुभयो। विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) का अनुसार ओराङ्गुटानहरू गम्भीर खतरामा छन्। फँडानी, कृषि विस्तार, विशेषगरी पाम तेलको बगैँचा र पूर्वाधार विकासका कारण बासस्थानको हानिले सबैभन्दा ठूलो खतरा रहेका छन्।

"ओराङ्गुटान कूटनीतिको सुरुआत गरेर मलेसियाले जैविक विविधताको संरक्षणमा सधैँ प्रतिबद्ध रहेको विश्वलाई देखाउनेछ", मन्त्री घानीले सामाजिक सञ्जाल एक्समार्फत भन्नुभयो। उहाँले पाम तेल कम्पनीहरूलाई मलेसियामा वन्यजन्तुको संरक्षण र प्राविधिक विशेषज्ञता प्रदान गर्न गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्न आग्रह गर्नुभयो। पर्यावरणविद्‌हरूले मलेसिया र इन्डोनेसियामा वर्षावनको विनाशलाई बढाउन पाम तेललाई दोष दिएका छन्। यी दुई मुलुकले विश्वव्यापी उत्पादनको बहुमत पाम तेल उत्पादन गर्दछन्।

खाद्य तेल केक, चकलेट र मार्जारिनका साथै सौन्दर्य प्रसाधन, साबुन र स्याम्पुमा प्रयोग गरिन्छ। बेइजिङले लामो समयदेखि पाण्डा कूटनीतिलाई सफ्ट पावरको रूपमा प्रयोग गर्दै आएको छ। उसले विदेशी चिडियाखानाहरूमा पाण्डाहरूलाई ऋण मात्र दिन्छ। सामान्यतया कुनै पनि सन्तान जन्मिएको केही वर्षभित्र देशको प्रजनन कार्यक्रममा सामेल हुन फिर्ता गर्नुपर्छ।

# शाही मानहानिको आरोपमा थाई लोकतन्त्र समर्थकलाई कारागार सजाय

**एएफपी**

बैङ्कक। थाइल्यान्डको एक अदालतले बुधबार शाही मानहानिको आरोपमा एक प्रख्यात लोकतन्त्र समर्थक कार्यकर्तालाई तीन वर्षको कारागार सजाय सुनाएको छ। सरकारले राजा महा वजिरालोङ्कर्न तथा उहाँको परिवारको रक्षा गर्ने कठोर कानूनअन्तर्गत धेरै मानिसमाथि मुद्दा चलाएर असहमतिलाई दबाउन कठोर लेज-मेजेस्टे कानूनको प्रयोग गरेको आलोचकहरूले बताएका छन्।

सन् २०२० मा युवाहरूको नेतृत्वको प्रदर्शनका नेताहरूमध्ये २७ वर्षीय पनुपोङ जादनोक पनि एक हुनुहुन्थ्यो।

राजतन्त्रमा सुधारका लागि अभूतपूर्व आह्वान गर्न हजारौँ मानिस सडकमा उत्रिएका थिए। थाई लयर्स फर ह्युमन राइट्सका एक प्रतिनिधिले उहाँलाई सन् २०२० मा राजासँग सम्बन्धित सामाजिक सञ्जाल पोस्टका लागि दोषी ठहर गरिएको बताउनुभयो। "बैंककको आपराधिक अदालतले सुरुमा पनुपोङलाई चार वर्षको कारागार सजाय सुनाएको थियो तर पछि उहाँको उपयोगी साक्षीका लागि त्यसलाई घटाएर तीन वर्षमा झारियो।"

पनुपोङले राज्यको कठोर लेज-मेजेस्टे कानूनअन्तर्गत थप आठ आरोपको सामना गर्नुपरेको छ। दोषी प्रमाणित भए उहाँलाई प्रतिआरोपमा १५ वर्षसम्मको कारागार सजाय हुनसक्छ। हालैका वर्षहरूमा लेज मेजेस्टे कानूनअन्तर्गत आरोप लगाइएका एक सय ५० भन्दा बढी कार्यकर्तामध्ये पनुपोङ पनि एक हुनुहुन्छ। लेज मेजेस्टेलाई फौजदारी संहिताको प्रासङ्गिक खण्डपछि '११२' भनिन्छ।

# इजराइली सेनाद्वारा गाजाको राफाह सीमा क्रसिङमा आक्रमण

**सिन्ह्वा**

गजा। प्यालेस्टिनी र इजराइली स्रोतका अनुसार इजराइली सेनाले मङ्लबार गाजापट्टीको दक्षिणी भागमा रहेको राफाह सीमा क्रसिङमा आक्रमण गरेको छ। प्यालेस्टिनी स्रोतहरूले सिन्ह्वालाई ट्याङहरूले राफाह सीमा क्रसिङमा आक्रमण गरेको तथा इजराइली सेनाले यसलाई नियन्त्रण गरी प्यालेस्टिनीहरूलाई क्रसिङबाट सर्नबाट रोकेको बताए।



गाजाको जनरल अथोरिटी फर क्रसिङ एन्ड बोर्डर्सको विज्ञप्तिअनुसार राफाह सीमा क्रसिङ र केरेम शालोम दुवैमा यात्रु र मानवीय सहायताको आवागमन रोकिएको छ। इजराइली सेनाले सीमा क्षेत्रमा ट्याङ्क आक्रमण गरिरहेको भिडियो सावैजनिक गरेको छ। यसैबीच, सामाजिक सञ्जालमा जारी गरिएका अन्य तस्बिरहरूमा राफाह सिमानाको प्रवेशद्वारमा इजराइली झण्डा फहराएको देखाइएको छ।

युद्धग्रस्त तटीय इलाकामा २३ लाखभन्दा बढी प्यालेस्टिनीहरूका लागि राफाह सीमा क्रसिङ एक मात्र एक मध्याम हो। सोमबार राति इजिप्टले प्यालेस्टिनी पक्षलाई राफाह क्रसिंगको प्यालेस्टिनी पक्षको वरपर इजराइलको सुरक्षा अभियान मङ्गलबार बिहान समाप्त हुने जानकारी दिएको एक उच्चपदस्थ सुरक्षा अधिकारीले सिन्ह्वालाई बताए।

इजिप्टले इजिप्ट र गाजा पट्टीबीचको एकमात्र मार्ग राफाह क्रसिङको प्यालेस्टिनी पक्षको वरपर इजराइली आक्रमणको बारेमा सोधपुछ गरी इजराइलले मङ्गलबार बिहान अपरेसन समाप्त हुने प्रतिक्रिया दिएको स्रोतले जनाएको छ। स्रोतका अनुसार इजराइलले क्रसिङमा प्रवेश गर्ने छैन वा यसलाई नियन्त्रण गर्ने छैन।

# चालक दलका सदस्य एकाएक विरामी, एयर इन्डियाका ७० उडान रद्द

**एएनआई**

नयाँदिल्ली। बुधबार एयर इन्डिया एक्सप्रेसका ७० वटा भन्दा बढी अन्तर्राष्ट्रिय तथा घरेलु उडानहरू वरिष्ठ चालक दलका सदस्यहरू बिरामी परि बिदामा बसेका कारण रद्द वा ढिलाइ भएका छन्।

एयर इन्डिया एक्सप्रेसले बुधबार आफ्नो उडान सञ्चालनमा ठूलो अवरोधको सामना गर्नु परेको जनाएको छ। लगभग ७० वटा रद्द उडानमा प्रायः अन्तर्राष्ट्रियका वरिष्ठ चालक दलका सदस्य बिरामी भएको कारण रद्द वा ढिलाइ भएको थियो। भारतीय नागरिक उड्डयन मन्त्रालय स्रोतका अनुसार मङ्गलबारदेखि सुरु भएको यो समस्या बुधबार बिहानसम्म जारी रहेको थियो।

नागरिक उड्डयन अधिकारीहरूले यस विषयमा अनुसन्धान गरिरहेका छन्। स्वास्थ्य समस्यालाई उद्धृत गर्दै उडान अघि केही वरिष्ठ चालक दलका सदस्यहरूले आफ्नो मोबाइल फोन बन्द गरेको स्रोतहरूले बताएका छन्। वैकल्पिक पाइलटहरु उपलब्ध नभएका कारण उडानहरू रद्द गर्नु परेको थियो। एयर इन्डिया एक्सप्रेसले परिस्थितिको मूल्याङ्कन गरिरहेको जनाउँदै प्रभावित यात्रुहरूसँग माफी मागेको छ।

एयर इन्डिया एक्सप्रेसका प्रवक्ताले केबिन क्रूको टोलीले मङ्गलबार राति बिरामी भएको रिपोर्ट गरेको परिणामस्वरूप उडानमा ढिलाइ र रद्द भएको बताउनु भयो। घटनाका कारणहरू बुझ्नका लागि चालक दलका सदस्यहरूसँग एयर इन्डिया एक्सप्रेसको टोलीले छलफल गरिरहेको छ। यस्तै घटना अप्रिल १ मा भिस्तारा एयरले पनि सामना गर्नु परेको थियो। त्यसबखत पाइलटहरू बिरामी भएकाले सयभन्दा बढी उडान प्रभावित भएका थिए।

# एडिस ट्याक्स इनिसिएटिभ कार्यशालाका लागि १६ देशका कर प्रशासक र विज्ञ नेपालमा



**काठमाण्डु** । आन्तरिक राजस्वको प्रभावकारी कार्यान्यवनको क्षेत्रमा सहकार्य गर्दै आएको अन्तर्राष्ट्रिय संस्था एडिस ट्याक्स इनिसिएटिभ (एटिआई) को क्षेत्रीय प्राविधिक कार्यशाला नेपालमा जारी छ । यहाँ जारी कार्यशालामा एटीआई सदस्य रहेका १६ मुलुकका कर प्रशासक, विज्ञ र विकास साझेदारका ६० जनाभन्दा बढी प्रतिनिधि सहभागी छन् ।

काउन्सिल अन इकोनोमिक पोलिसी (सिईपी) र जर्मन इन्स्टिच्युट फर डेभलपमेन्ट एण्डसस्टेनेबिलीटीसँगकोसहकार्यमा आन्तरिक राजस्व विभागले कार्यशाला आयोजना गरेको हो । कार्यशालाको प्रमुख उद्देश्य कर प्रणालीको निष्पक्षता, पारदर्शीता, दक्षता र प्रभावकारितामा सुधार गर्नु रहेको छ ।

गत वर्ष फिलिपिन्सको मनिलामा सम्पन्न क्षेत्रीय कार्यशालाले एटीआइको कार्यशाला काठमाडौँमा गर्ने निर्णय गरेको थियो । कार्यशालाको उद्घाटन डा रामप्रसाद घिमिरेले गर्नुभयो । उहाँले एटीआई सदस्य देशहरुले भोग्दै आएको वित्तीय चुनौती सामना गर्न कार्यशाला फलदायी हुने विश्वास व्यक्त गर्नुभयो । सदस्य मुलुकहरुबीच सहकार्य बलियो बनाउन, कर प्रशासनलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउन तथा वित्त परिचालनमार्फत समावेशी र दिगो विकास लक्ष्य हासिल गर्न कार्यशालाले मागदर्शन गर्ने उहाँको भनाइ छ । राजस्व परिचालन र कर छुटसम्बन्धी नीतिहरुमा समीक्षा गर्दै आगामी नीतिबारे सामूहिक धारणा बनाउन कार्यशालाले भूमिका खेल्ने सचिव घिमिरेले बताउनुभयो ।

कार्यशाला उद्घाटनमा एडिस कर सञ्चालक समितिका तर्फबाट एलिस्टेयर लोबोले कार्यशालाको उद्देश्य र कार्यक्रमबारे जानकारी दिनुभएको थियो । एटीआईले स्थापनादेखि विकास साझेदार संस्था र साझेदार मुलुकबीच राम्रो सहकार्य गर्दै आएको उल्लेख गर्नुहुँदै उहाँले आगामी दिनमा सहकार्यले थप गति पाउने बताउनुभयो । उहाँले सदस्य राष्ट्रहरुले दिगो विकास लक्ष्य हासिलका लागि सहयोगी हुने कर प्रणाली अपनाउनुपर्नेमा जोड दिनुभयो ।

संस्थाले आगामी दिनमा साझेदारीका साथै ज्ञान आदानप्रदान, प्रभावकारी राजस्व परिचालन, नीतिगत सामञ्जस्यताका काम गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । एटीआइको घोषणापत्रअनुसार कर खर्चको पारदर्शीता बढाउन, लागत लाभ मूल्याङ्कन सहज बनाउन तथा करदातामाथि कर भार घटाएर उनीहरुको विश्वास जित्ने काम गर्नुपर्ने उल्लेख गर्नुभयो । लोबोले कार्यशालाबाट निष्पक्ष र पारदर्शी कर प्रणाली विकास, क्षेत्रीय संयन्त्र विकास र दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

यस्तै नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय विकास (यूएनडिपी) की आवासीय निर्देशक आयशानी मेडागाङ्गोडा लाबेले दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक वित्त परिचालनका लागि कार्यशालाले प्रभावकारी भूमिका खेल्ने बताउनुभयो । राष्ट्र सङ्घको दिगो विकास लक्ष्य हासिल गर्न एटिआई सदस्य मुलुकहरुले गरेको प्रयास सह्राहनिय रहेको उहाँको भनाइ छ ।

एटीआईले सदस्य राष्ट्र बीच राजस्व परिचालनसम्बन्धी एजेण्डामा सहकार्य गर्दै आएको छ । आन्तरिक राजस्व वृद्धिका लागि प्रभावकारी राजस्व सङ्कलन र परिचालन, सदस्य राष्ट्रहरुका बीचमा नीतिगत एकरुपता, ज्ञान, सीप र क्षमता अवभिवृद्धिका क्षेत्रमा एटीआईले जोड दिँदै आएको छ ।

निष्पक्ष र प्रभावकारी राजस्व परिचालन, कर प्रणालीमा नीतिगत सुधार, साझेदारीमार्फत दिगो विकास लक्ष्य हासिल, अनुभव आदानप्रदान, विकास साझेदारबीच समन्वय गर्ने उद्देश्यसहित इथियोपियाको राजधानी अदिस अबाबामा सन् २०१५ को जुलाइमा आयोजित विकासका लागि वित्तीय सम्मेलन (फाइनान्सिङ फर डेभलपमेन्ट) ले एटीआई स्थापना गरेको थियो ।

सहभागीलाई करको अनुमान, रिपोर्टिङ, र मूल्याङ्कनका प्राविधिक पक्षका साथै कर प्रशासनमा प्रविधिको प्रयोग र भावी दिनमा सहकार्यका क्षेत्रबारे विज्ञले प्रशिक्षण दिनेछन् । कार्यशालामा नेपालका तर्फबाट सङ्घीय संसद् सचिवालय, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागका प्रतिनिधि सहभागी छन् । संस्थागत साझेदारका रूपमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) र एसियाली विकास बैंक (एडिबी) का प्रतिनिधि सहभागी भएका छन् ।

कार्यशालाले नेपालको कर प्रशासनलाई अन्तर्राष्ट्रिय स्तरमा पु-याउन क्षमता विकास गर्नुका साथै नेपालले कर प्रशासनका क्षेत्रमा हासिल गरेका अनुभबारे सदस्य राष्ट्रहरुलाई अवगत गराउन फलदायी हुने आन्तरिक राजस्व विभागका महानिर्देशक शिवलाल तिवारीले बताउनुभयो ।

एटीआईमा नेपालसहित, दक्षिण एसियाका पाकिस्तान, माल्दिभ्स, बङ्गलादेश र अफगानिस्तानका साथै बुर्किना फासो, क्यामरुन, इक्वेडर, इथियोपिया, जर्जिया, घाना, इन्डोनेसिया, केन्या, लाइबेरिया, माडागास्कर, मलावी, मोरिटानिया, मङ्गोलिया, नामिबिया, नाइजर, पाराग्वे, फिलिपिन्स, रुवान्डा, सेनेगल , सिएरा लियोन, सोलोमन टापु, तान्जानिया, गाम्बिया, टोगो, युगान्डा र जाम्बिया छन् । रासस

# भैँसी पाल्ने किसानलाई पचास हजार अनुदान



**पर्वत** । जिल्लाको पैयुँ गाउँपालिकाले व्यावसायिक रूपमा भैँसी पाल्ने किसानलाई रु ५० हजार अनुदान दिने भएको छ ।किसानलाई व्यावसायिक बनाउन तथा दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन प्रतिभैसी रु ५० हजारका दरले अनुदानको व्यवस्था गरिएको हो । यसअघि राँगा पालेका प्रत्येक किसानलाई रु २० हजार अनुदान दिएको पालिकाले भैँसीपालन गर्ने किसानलाई पनि अनुदान दिन थालेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजीव रिमालले बताउनुभयो । सातवटा वडा रहेको पैयुँका प्रत्येक वडाका किसानले तीनदेखि चार वटासम्म राँगा पालेका छन् ।

> यसअघि राँगा पालेका प्रत्येक किसानलाई रु २० हजार अनुदान दिएको पालिकाले भैँसीपालन गर्ने किसानलाई पनि अनुदान दिन थालेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजीव रिमालले बताउनुभयो ।

गाउँपालिकाले यसपटक २० वटा राँगा पाल्ने किसानलाई रु चार लाख अनुदान वितरण गरेको छ ।

गाउँपालिकाले वार्षिक स्वीकृत कार्यक्रमअनुसार भैँसीपालन गरेका गाउँपालिकाका १६ जना किसानलाई प्रतिभैँसी रु ५० हजारका दरले अनुदान प्रदान गर्न लागेको गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले बताउनुभयो ।

यसअघि राँगापालक किसानको प्रोत्साहनका लागि पैयुँ पालिकाले अनुदान रकम घोषणा गरेको थियो ।

पालिकामा किसानले एउटा भैँसीलाई राँगो लगाएको रु एक हजार ५०० खर्च तिर्दै आएका छन् । अब राँगापालकको गोठदेखि भैँसीपालकको गोठसम्मको दूरीका आधारमा मूल्य निर्धारणको लागि काम थाल्ने गाउँपालिकाले बताएको छ । राँगापालक किसानलाई रु चार लाख वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत रिमालले बताउनुभयो ।रासस

# मौरीपालनतर्फ किसानको आकर्षण बढ्दो

**ढोरपाटन** । कम लगानीमा धेरै आम्दानी गर्न सकिने भएपछि बागलुङकोनिसीखोलागाउँपालिकाका किसान मौरीपालनमा आकर्षित हुँदै गएका छन् । उच्च पहाडी इलाकामा मौरीपालन फस्टाउने हुँदा यसप्रति किसानको आकर्षण बढेको हो ।

निसीखोला-१ हुल्दीका अधिकांश किसानले मौरी पालेका छन् । आधुनिक तथा परम्परागत घारमा उनीहरुले मह उत्पादन गर्दै आएका छन् । गाउँमा यसभन्दा अगाडि स्थानीयले रैथाने मौरी पाल्दै आएकामा अहिले सामूहिक रुपमा मौरीपालन गर्न थालेका हुन् ।

अहिले गाउँमा १८ किसानले समूह नै बनाएर व्यावसायिक रुपमा मौरीपालन सुरु गरेका छन् । बजारीकरण र उत्पादन बढाउनका लागि किसान सङ्गठित भएको मौरीपालन कृषि समूहका नबहादुर कुँवरले बताउनुभयो । समूहमा आबद्ध किसानमध्ये पहिलो चरणमा नौजनालाई अनुदानमा मौरीका घार र मौरी उपलब्ध गराइएको उहाँको भनाइ छ ।

गाउँलाई मौरीपालनबाट आत्मनिर्भर बनाउने गरी समूहमा धेरै किसानलाई समावेश गर्दै जाने अध्यक्ष कुँवर बताउनुहुन्छ । गाउँमै बसेर उद्यमी बन्ने र बजार मागलाई पूर्ति गर्नेगरी अहिले आफूले एक सय ४० घार मौरी पाल्दै आएको जनाउँदै अब यसलाई बढाउँदै जाने उहाँको भनाइ छ ।

कुँवरले भन्नुभयो, "गाउँमा व्यवसाय गर्ने हो भने धेरै माध्यम छन्, त्यसमध्ये मौरीपालन निकै उपयोगी हुँदा युवा मिलेर मौरीपालनमा लागेका छौँ, गाउँका धेरै कृषक यो पेसामा आबद्ध हुनुहुन्छ, आबद्ध नभएका पनि बिस्तारै आधुनिक घार लिएर सुरुआत गर्न थालेका छन्, गाई, भैँसी, बाख्राको तुलनामा मौरीपालन सजिलो र आम्दानीको राम्रो स्रोत हुने देखिएपछि अहिले धेरै स्थानीयले मौरी पाल्न थालेका छन् ।"

हुल्दी गाउँमा मकै, कोदो फल्ने बारीभरि यतिबेला मौरीका घार राखेको देखिन्छ । स्थानीय पवन सिञ्जालीले लामो समयदेखि कृषि गर्दै आएको र अहिले नयाँ कामको सुरुआत गरेको बताउनुभयो । पछिल्लो समय अन्य गाउँबाट मौरी व्यवसाय हेर्न, ज्ञान लिन र घार किन्न आउने उहाँको भनाइ छ । मौरीपालनका लागि तालिम लिएर सीप हासिल गरेपछि व्यावसायिक रुपमा काम गर्न थालेको सिञ्जाली बताउनुहुन्छ । आफूले दुई घारबाट सुरुआत गरिएको भन्दै अहिले विस्तार भएर धेरै भएको उहाँको भनाइ छ ।

सोही गाउँका राजुलाल रोकाले पनि कृषक समूह गठन गरेर मौरीपालन गर्दै आउनुभएको छ । पुरानो पुर्ख्यौली घार र आधुनिक गरी एक वर्षभित्रै नौ घार माहुरी उत्पादन गर्दै आएको उहाँले बताउनुभयो । यसलाई वृद्धि गर्दै जाने र आर्थिक उपार्जनको माध्यम बनाउने रोका बताउनुहुन्छ । पुर्ख्यौलीभन्दा आधुनिक घार आम्दानीको दृष्टिकोणले राम्रो रहेको उहाँको भनाइ छ । मौरीपालनलाई व्यवस्थित गर्न सके गतिलो आम्दानीको स्रोत बन्ने रोकाले बताउनुभयो ।रासस

# प्रधानमन्त्रीद्वारा सुनकोशी-मरिण डाइभर्सनको सुरुङ 'ब्रेक थ्रु'

**कमलामाई** । सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङको 'ब्रेक थ्रु' भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुनकोशी गाउँपालिका-७ कानदुङ्गीमा एक समारोहबीच सुरुङको 'ब्रेक थ्रु' गर्नुभएको हो ।

प्रधानमन्त्री दाहालले टिबीएम स्विच थिचेपछि आयोजनाको प्रवेशद्वार कमलामाई नगरपालिका-२ कुसुमटारबाट सुरुङ खन्न पसेको टिबीएम मेसिन सुनकोशी नदी किनार कानदुङ्गीबाट बाहिर निस्किएको थियो । राष्ट्रिय गौरवको आयोजना सुनकोशी-मरिण डाइभर्सनअन्तर्गत कमलामाई-२ कुसुमटारदेखि सुनकोशी-७ कानदुङ्गीसम्म सुरुङ रहेको छ । यसको क्षेत्रफल १३ दशमलव ३ किलोमिटर छ ।

लक्ष्यभन्दा एक वर्षअघि नै सुरुङ ब्रेक थ्रु गर्न सफल भएको सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका प्रमुख मित्र बरालले जानकारी दिनुभयो । खन्न सुरु भएको १९ महिनामा सुरुङ ब्रेक थ्रु भएको छ । एकैदिन ७२ मिटरसम्म सुरुङ खनिएको आयोजनाले जनाएको छ । विसं २०७९ असोज २८ गतेदेखि सुरुङ खन्ने काम आरम्भ भएकामा यसबीचमा ६ पटक अवरोध भएको प्रमुख बरालले बताउनुभयो । सुरुङभित्र सुक्खा पहिरो खस्ने, लेदोसहित पाखो नै खस्ने हुँदा सुरुङ खन्ने टिबीएम मेसिन अगाडि बढ्न नसक्दा काम रोकिएको थियो ।

उच्च प्रविधिबाट ५.५ डायमिटरको सुरुङ मार्गमा गुणस्तरीय सेगमेन्ट प्रयोग भएको आयोजनामा कानदुङ्गीस्थित सुनकोशी नदीमा ३० मिटर उचाइ र एक सय ५८ मिटर लम्बाइको बाँध निर्माण गरी सुरुङमार्फत पानी कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ ।


## Invitation for Bids

**Madhesh Province Government**

**Ministry of Health and Population**

**Province Health Logistic Management Center**

Date of Publication: 9 May 2024

1. The Ministry of Health and population, Province Health logistic Management Centerinvites electronicbids from eligible bidders for the procurement of below mentioned commoditiesunder National competitive bidding – Single Stage Single Envelope (IS1E) procedures.
2. Eligible Bidders may obtain further in formation from PPMO eGP system www.bolpatra.gov.np/egp
3. A Bidder shall submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Rastriya Banijya Bank Limited
   **Name of Office:** Province Health Logistic Management Center
   **Office Code no.:** 3500717012
   **Revenue Account no.:** 1000100200010000
   **Rajaswa (revenue) Shirshak no.:** 14229
   **Dharauti A/C no.:** 1220100202030000
4. Pre-bid meeting shall be held at Province Health Logistic Management Center at 02:00PM, 26 May 2024
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 9 June 2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00PM on 9 June 2024 at the office of Province Health Logistic Management Center. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of below amounts, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bid is in package and evaluation will be done in package.

| IFB No. | IFB Name | Bid Fee | Bid Security | Bid Opening date |
|---|---|---|---|---|
| MP/PHLMC/NCB /GOODS-20/2080-81 | Procurement and Delivery of Hemodialysis Machine | 5000/- | 20,00,000.00 | 9 June 2024 |
| MP/PHLMC/NCB/ GOODS-21.1/2080-81 | Procurement, Supply, Delivery and Installation of DR Machine | 3000/- | 400000.00 | 9 June 2024 |
| MP/PHLMC/NCB/ GOODS-21.2/2080-81 | Procurement, Supply, Delivery and Installation of Lab Equipment | 3000/- | 291000.00 | 9 June 2024 |
| MP/PHLMC/NCB/ GOODS-21.3/2080-81 | Procurement, Supply, Delivery and Installation of Birthing Center Equipment | 3000/- | 110000.00 | 9 June 2024 |

**(Director)**

# महिला अधिकारको अवस्था बारे समीक्षा



टुडे समाचारदाता

जनकपुरधाम । बेजिङ्ग बियोण्ड कमिटीले महिला अधिकारको बर्तमान अवस्था बारे राष्ट्रिय प्रतिवेदन तयारीको क्रममा बुधबार जनकपुरधाममा प्रदेश स्तरीय समीक्षा कार्यक्रम सम्पन्न गरेको छ।

बेइजिङ घोषणा तथा कार्ययोजनाको ३० औ बर्षको अवसरमा आयोजित समीक्षा कार्यक्रममा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावको अवस्था, भेदभाव उन्मूलनका लागि सरकार पक्षबाट भएको सकारात्मक पहलकदमीहरु र सरकारले अझै गर्नु पर्ने कार्यहरू बारे अधिकारकर्मीहरुले आ-आफना धारणा राखेका थिए।

सात वटै प्रदेशमा गर्न लागिएको समीक्षा कार्यक्रम अन्तर्गत बुधबार मधेश प्रदेशमा समीक्षा कार्यक्रम सम्पन्न गरिएको र कार्यक्रम बाट आएका सुझावहरु राष्ट्रिय समीक्षामा प्रस्तुत गरिने कमिटीका राष्ट्रिय सचिव सीमा खानले बताइन।

राष्ट्रिय समीक्षा बाट प्राप्त समष्टिगत सुझावहरु प्रतिबेदनको रुपमा सरकारलाई बुझाउने कमिटीले जनाएको छ।

कमिटीका प्रदेश अध्यक्ष अंजु कुमारी पुर्बेको अध्यक्षता एवं संबिधानसभा सदस्य उर्मिला साहको प्रमुख आतिथ्यमा भएको उक्त समीक्षा कार्यक्रममा मधेश प्रदेशका आठ वटै जिल्लाको महिला अधिकार संग सम्बन्धित संघ संस्थाका करिब ४० जना अधिकारकर्मीहरुको सहभागिता रहेको थियो।

# 'सरकारको उदासीनताका कारण संघीयता कार्यान्वयनमा जटिलता'

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले संघीय सरकारले कानुन नबनाउँदा संघीयता कार्यान्वयन जटिल बनेको बताएका छन् । बुधबार प्रदेशको गृह सञ्चार तथा कानुन मन्त्रालयले जनकपुरधाममा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका छन्।

उनले भने-'कानुन न्याय सम्पादन गर्ने निकाय निष्पक्ष, जिम्मेवार बन्नुपर्छ, नत्र थप जटिलता, देखिन्छ। हाम्रो संविधान कार्यान्वयनप्रति संघीय सरकार नै उदासीन रहेको छ। यसले संघीयता कार्यान्वयनमा थप जटिलता थपिएको छ।'

गृह, सञ्चार तथा कानुन राज्यमन्त्री शारदा थापाले नागरिकसम्म कानुनको सहज पहुँच पुऱ्याउनुपर्नेमा जोड दिइन् । उनले सम्वन्धित मन्त्रालयको काम लिएर जनता नआउँदा समस्या भएको बताइन् । उनले भनिन्-' हाम्रो मन्त्रालय मातहतमा विकास निर्माणको काम नहुँदा पनि आम जनता सडक, नाला लगायतका विकास निर्माणको कार्य लिएर आउँदा हामी पीडित भएकी छौं।'




सोही समारोहमा उच्च अदालत जनकपुरधामका मुख्य न्यायाधीश श्रीकान्त पौडेलले न्यायमा पहुँच बढाउन जरुरी रहेको बताए।

कार्यक्रममा मधेश मधेशका प्रमुख सचिव लोकनाथ पौड्याल, गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रदेश सचिव वीरेन्द्रकुमार यादव, आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष राजेश कर्ण, नेपाल बार एसोसिएसनका अध्यक्ष बलराम सुवेदी कानुन नागरिकको पहुँचमा पुग्नुपर्नेमा जोड दिए।

मधेश प्रदेश सरकारको पहिलो र दोस्रो कार्यकाल गरेर करिब सात वर्ष बितेको छ। प्रदेश सरकारले यो अवधिमा ६० वटा विभिन्न कानुन निर्माण गरेको छ। प्रदेश सभाबाट निर्माण गरिएका सबै ऐन प्रमाणीकरण भइसकेका छन्।

पहिलो प्रदेश सभाबाट ५५ र दोस्रो सभाबाट पाँच वटा कानुन बनाएको गृह सञ्चार तथा कानुन मन्त्रालयका प्रदेश सचिव वीरेन्द्रकुमार यादवले जानकारी दिए । प्रदेश सभाले बनाइएका र प्रमाणित भएका ६० वटा ऐन, १४ वटा नियमावली प्रदेश राजपत्रमा प्रकाशित भइसकेका छन् । सो अवसरमा वक्ताहरुले प्रदेश सरकारले कानुन बनाए पनि सम्वन्धित संघ संस्थालाई जानकारी नभएका कारण राजपत्रमा प्रकाशित गरी ती कानुन सम्वन्धी किताव प्रकाशन गर्न माग गरेका थिए।

# सिंहलाई काशीराज गंगादेवी स्मृति पुरस्कार

टुडे समाचारदाता

राजविराज । सप्तरीका राजनीतिज्ञ, समाजसेवी एवं वरिष्ठ कानुन व्यवसायी हिम्मत सिंहलाई काशीराज-गंगादेवी स्मृति पुरस्कार २०८१ बाट सम्मानित भएका छन्।

७२ औं कानुन दिवसको अवसरमा बुधवार नेपाल बार एशोसिएशन उच्च अदालत राजविराजद्वारा आयोजित शुभकामना एवं सम्मान कार्यक्रममा ८४ वर्षीय सिंहलाई सो पुरस्कारबाट सम्मानित गरिएको छ । उनलाई कार्यक्रमका प्रमुख अतिथि सर्वोच्च अदालतका न्यायाधीश सुनिल कुमार पोखरेलले दोसल्ला तथा कदरपत्रबाट सम्मान गरे।



राजविराज-७ का समाजसेवी स्व.काशीराज पोखरेल र गंगादेवी पोखरेलको स्मृतिमा उनका छोरा पूर्व क्याम्पस प्रमुख विष्णु पोखरेल, बुहारी शोभा पोखरेल र नुतन पोखरेलले यसैवर्ष सो पुरस्कारको स्थापना गरेका छन्। कानुन, मानवअधिकार, सामाजिक न्याय र समाजसेवा क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिलाई हरेक वर्ष कानुन दिवसको अवसर पारेर उक्त पुरस्कारबाट सम्मानित गरिने एशोशिएसनले जनाएको छ। पुरस्कारको राशी १५ हजार र कदरपत्र रहेको छ। यसै वर्ष पोखरेल परिवारले २ लाख १ हजार रुपैयाँ पुरस्कार अक्षयकोषका लागि एशोसिएशनलाई हस्तान्तरण गरेका थिए।

# बैंक घेराउसंगै प्रदर्शन

टुडे समाचारदाता

जनकपुरधाम । बैंक तथा वित्तीय संस्थाहरुले चर्को ब्याज लिने गरेको भन्दै घेराउसहित विरोध प्रदर्शन गरिएको छ। जनकपुरधाममा बुधबार ज्योती विकास बैंक र एभरेष्ट बैंकलगायतकाले चर्को ब्याजमा ऋण दिने गरेको भन्दै घेराउसंगै विरोध प्रदर्शनसमेत गरिएको छ।


राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ अभियानले ज्योती विकास बैंक र एभरेष्ट बैंक घेराउ गर्दै विरोध प्रदर्शन गरेका छन्।

बर्दियामा बैंकबाट लिएको ऋणको चर्को ब्याज खेप्न नसकेर बैंक ऋणी खुसीराम चौधरीले बाध्यतावश आत्महत्या गरेपछि सो अभियानले देशव्यापीरुपमा विरोध प्रदर्शन गरेका छन्। बर्दियाका चौधरीले एभरेष्ट बैंक तथा ज्योती विकास बैंकबाट ऋण लिएका थिए । सोही बैंकको ऋण, ब्याजसंगै बैंकबाट आउने गरेको पीडा खेप्न नसकेर आत्महत्या गरेपछि आन्दोलनमा उत्रेको अभियानका संयोजक सुरेन्द्रमणि शर्माले बताए।

संयोजक शर्माको अगुवाइमा बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिएर चर्को ब्याजको पीडा खेपिरहेका पीडितहरुले जनकपुरधामस्थित ज्योती विकास बैंक र एभरेष्ट बैंक अगाडिसमेत विरोध प्रदर्शन गरेका छन्।

अभियानका संयोजक शर्माले बैंक तथा वित्तीय संस्थाहरुले चर्को ब्याजको नाममा मारिरहेकाले आफूहरुलाई बैंक तथा वित्तिय संस्थाहरुको अन्याय विरुद्ध उत्रिनु परेको बताए।

# विद्युत् चोरीका कारण अघोषित लोडसेडिङ



टुडे समाचारदाता

कलैया । गर्मी बढेपछि छिन छिनमा बत्ती आउने जाने गरेकाले सेवाग्राहीले थप कष्ट भोग्नु परेको छ। आधिकारिक रूपमा अहिले लोडसेडिङ नरहेको तथा दिउँसोमा जसोतसो विद्युत् आए पनि रातभरि बिजुली नआउने हुँदा उपभोक्ताले थप कष्ट भोग्नु परिरहेको कलैया उप-महानगरपालिका-१ का सत्यप्रसाद श्रेष्ठले बताएका छन्।

गर्मीयाममा विद्युत् खपत बढी हुने गरेको तथा ३२ प्रतिशतसम्म विद्युत् चोरीका कारण अघोषित लोडसेडिङ गरिँदै आएको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र कलैयाका प्रमुख ऋषिकुमार वरनवालले बताए।

अहिले विहारको रक्सौलबाट १३२ को लाइनबाट करिब दुई सय एमबिए विद्युत् वीरगञ्जमा दिनहुँ आउने गरेको छ। त्यहाँबाट आएको विद्युत् वीरगञ्ज, कलैया, परवानीपुर र परवानीपुरबाट पोखरिया क्षेत्रमा वितरण हुने गरेको छ। त्यस क्षेत्रमा पनि ओभरलोड हुने गरेका कारण सबै क्षेत्रको दुई/तीन घण्टा पालैपालो विद्युत् कटौती गरी आपूर्ति पूरा गरिँदै आएको प्रमुख वरनवालले जानकारी दिए।

गण्डक नहरभन्दा दक्षिणको क्षेत्रमा अत्यधिक विद्युत् चोरी हुँदै आएको छ। जिल्लाको अन्य फिडरभन्दा शीतलपुर एरिया थेग्न नसक्ने अवस्थामा छ। लाइन आउनेबित्तिकै खेतमा सिँचाइ गर्न बसेकाहरू एकै पटक मोटर जडान गरेपछि प्राधिकरणको उपकरण बढी ट्रिप हुने गरेको उनले बताए।

"हाम्रो उपकरणको कुल क्षमता २ सय ७० को छ। त्यसको पावर बढाएपछि, ठाउँ ठाउँमा तार सर्ट भई चुँडिने अन्य उपकरण जल्नेलगायतका समस्या उत्पन्न हुन थाल्छ। त्यसैले थप एउटा सेक्सन बनाउन लाग्दा त्यहाँका स्थानीय विरोधका साथै हस्तक्षेप गर्दै आएका छन्। एउटा अर्को विकल्प निर्माण हुँदैछ। पिलुवा कलैया विद्युत् सप्लाई, त्यसमा पनि ठाउँ ठाउँमा विवाद हुँदै आएको छ। त्यस एरियामा काम गरिरहेका कर्मचारीको मोबाइलसमेत स्थानीयले खोसेर अवरोध गरेपछि हामी पनि चुप लागेर बसेका हौँ," प्रमुख वरनवालले भने।

अघोषित लोडसेडिङ कम गर्न १ सय ३७ जना व्यक्तिसहित ९७ वटा उपकरण पक्राउ गरी २५ लाख आठ हजार ५ सय ७७ रुपैयाँ दण्ड जरिबाना गरिएको छ। स्थानीय पालिकाले टोल टोल र कृषिमा सिँचाइ गर्न खेत खेतमा समेत विद्युत् जडान गरिदिएकाले मिटरबाट विद्युत् बाइपास गर्नेलाई पक्राउ गरी छ लाख ५३ हजार ४४ रुपैयाँ असुल गरिएको अनियमितता सुधार फाँटका नायब सुब्बा राहुल मण्डलले बताए।

यसै गरी विद्युत् चोरी गर्ने १ सय ३७ मानिसबाट १३ लाख १३ हजार ७ सय २३ रुपैयाँ र ९७ वटा खेतबाट उपकरण (मोटर) नियन्त्रणमा लिई पाँच लाख ५१ हजार ८ सय ९ रुपैयाँ दण्ड जरिबाना गरिएको छ। हालका दिनसम्म यस वितरण केन्द्रबाट करिब ६६ हजार सेवाग्राहीले सेवा लिँदै आएको प्रशासन फाँट प्रमुख जलन्धरप्रसाद गोढले जानकारी दिए।

त्यस्तै विद्युत् प्राधिकरण गौरले बिनासूचना पटक पटक विद्युत् आपूर्ति बन्द गरिदिँदा उपभोक्ता चरम मारमा परेका छन्।

बढ्दो गर्मीसँगै प्राधिकरणले पूर्वसूचनाबिना लाइन काट्दा जिल्लाको सहरी भेगदेखि ग्रामीण भेगका उपभोक्ता चरम मारमा परेको स्थानीय रामएकवाल साहले बताए। स्थानीय हेमचन्द्र झाले भने-'झ्याप झ्याप विद्युत् अवरुद्ध हुने गुनासो उपभोक्ताले गरे पनि विद्युत् प्राधिकरणले कुनै वास्ता गर्दैन। ग्रामीण भेगमा अझ रातभरि नै लाइन अवरुद्ध हुने गरेको छ।'

सामान्य हावाहुरी तथा पानी पर्नासाथ विद्युत् सेवा अवरुद्ध हुने गरेको अर्का उपभोक्ता रमेश सिंहले बताए। उनले छिन छिनमा लाइन काट्ने प्राविधिक समस्यालाई समाधान गरी सहज रूपले विद्युत् सेवा प्रदान गर्न विद्युत् प्राधिकरणसँग आग्रह गरे।

# वनमा डढेलो, बस्तीमा छिरे वन्यजन्तु, बर्षाले जनजीवन सामान्य

टुडे समाचारदाता

सिरहा। एकाबिहानै घर नजिकैको बारीमा आफूले लगाएको बाली र तरकारी खेती वन्यजन्तुले सखाप पारेको देख्दा गङ्गादेवी चौधरीको मन नमज्जाले कुडिन्छ।

वर्षभरि खाने अन्न र तरकारीबाली जङ्गली जनावरले एकैदिनमा सखाप पारेपछि सिरहाको लहान नगरपालिका–१६ स्थित तरेगणाकी गङ्गादेवी अब बिहान बेलुकाको छाक टार्ने र जीविकोपार्जन कसरी गर्ने भन्ने चिन्तामा छन्।

"वर्षभरी खोने अन्न र तरकारी खेती बँदेल र नील गाईले सखाप गरे। दुम्सी र बाँदरले पनि हैरान पारिरहेका छन् । हुर्किंदै गरेका बालीनालीका कलिला मुन्टानै खाइदिएपछि अब कसरी उब्जनी हुन्छ। यहाँ त बालिनाली जोगाउनै मुस्किल भयो हजुर", गङ्गादेवीले भनिन्। उनका अनुसार वन्यजन्तुले पाक्न थालेको गहुँ, जौ, तरकारीलगायत अन्य फलफूलका बिरुवामा समेत क्षति पुऱ्याएको छ।

सोही स्थानका सुकदेव चौधरीलाई पनि आफ्नो व्यावसायिक फलफूल बगैचामा बिरुवा हुर्काउन र फल जोगाउन मुस्किल छ। पछिल्लो समय वन्यजन्तु खेतबारीमा पसेपछि निकै हैरानी खेप्नुपरेको उनको भनाइ छ। 'लिच्ची र आँपको मात्र करिब दुई सय बिरुवा लगाएको छु। त्यसैगरि अन्य फलफूलको बिरुवा हुर्किंदै छन् तर जङ्गली जनावरबाट जोगाउनै मुस्किल भयो,' चौधरीले भने-'सामान्य विद्युतीय झड्का दिने तारबारले घेर्दा पनि समस्या सुल्झिन सकेको छैन। अब त स्थानीय सरकारले केही उपाय निकालेर हाम्रा बालिनाली जोगाइ दिनुपर्यो।'



> मानवले वन्यजन्तुको घरमा असर पुऱ्याएपछि जङ्गली जनावर बस्तीतिर पस्नु स्वभाविकै हो। हाम्रै सामुदायिक वनमा अहिलेसम्म तीनपटक डढेलो लागिसक्यो जसलाई नियन्त्रण गर्न हम्मेहम्मे पर्यो।

पछिल्लो समय सिरहाका दर्जनौं सामुदायिक वनमा आगलागी हुँदा वन्यजन्तु आहारा र बासस्थानको खोजीको लागि बस्ती छिरेका छन्। त्यसैले स्थानीयलाई बालिनाली जोगाउन हम्मेहम्मे परेको वडाध्यक्ष गडुलबहादुर गर्जामगरले जानकारी दिए। उनका अनुसार चैत नलाग्दै सुरूभएको डढेलो अहिले पनि आक्कलझुक्कल लागिरहेकै छ। स्थानीयबासीले आगोबाट बस्ती जोगाए पनि वन जोगाउन सकेका छैनन्। त्यसैले अहिले नजिकैको वन उजाड भएका छन्। "आगोबाट बस्ती जोगाइयो तर अन्नबाली जोगाउन सकिएन। आगलागीपछि ज्यान जोगाउन खेतखलियान प्रवेश गरेका वन्यजन्तु र किसानका लागि भने हैरानीका कारण बनेका छन्', वडाध्यक्ष गर्जामगरले भने-' डढेलो लागेपछि वनक्षेत्रमा खानेकुराको अभाव हुनु, बासस्थान नासिनु र सिकारीको चहलपहल बढ्न थालेपछि जङ्गली बँदेल र अन्य वन्यजन्तु आहाराको खोजीमा बस्ती पसेका छन्।'

उनका अनुसार अन्य समयमा पनि जङ्गली जनावर बस्ती छिरे पनि जङ्गलमा डढेलोपछि भने अहिले बाक्लै मात्रामा गाउँतिर पस्ने गरेको छन्। जङ्गल डढेलोले उजाड भएपछि कतिपय जङ्गली वन्यजन्तु गाउँघरका झाँडीतिर लुकेर बसेको अवस्थामा भेटिएको कोइरालो खोला नमुना सामुदायिक वनका अध्यक्ष रुद्रनारायण चौधरीले बताए। निरन्तर लागेको डढेलोले वन्यजन्तुले जङ्गलमा आफूलाई असुरक्षित ठानी गाउँ पस्ने गरेको हुनसक्ने अध्यक्ष चौधरीको भनाइ छ। 'मानवले वन्यजन्तुको घरमा असर पुऱ्याएपछि जङ्गली जनावर बस्तीतीर पस्नु स्वभाविकै हो। हाम्रै सामुदायिक वनमा अहिलेसम्म तीनपटक डढेलो लागिसक्यो जसलाई नियन्त्रण गर्न हम्मेहम्मे पर्यो। अनि वन्यजन्तुले ज्यान जोगाउन त परिहाल्यो नि!" वनबाट बस्ती छिरेका वन्यजन्तुबाट बालिनाली जोगाउन र सिकारीबाट वन्यजन्तु जोगाउन निकै सकस भइरहेको बताउने चौधरीले अब स्थानीय तहले यस्ता क्रियाकलापमा सङ्लग्नहरूको पहिचान गरी कारवाहीको दायरामा ल्याउनुपर्नेमा आवश्यकता औल्याए।

यता जिल्ला वन कार्यालय सिरहा, लहानले भने विगत दुई महिनादेखि जङ्गलमा डढेलो नियन्त्रण गर्न समस्या भइरहेका बेला मङ्गलबार रातिदेखिको सामान्य मनसुनी वर्षाले केही राहत भएको बताएको छ। हालसम्म लहान नगरपालिकाको उत्तर चुरेतर्फ ४५ सामुदायिक वनमध्ये १२ वटा सामुदायिक वनको कुल ७० हेक्टर वनमा डढेलोले क्षति पुऱ्याएको कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीले जानकारी दिए।

डढेलोका कारण बस्ती पसेर स्थानीयको बालीनालीमा क्षति पुर्याएका वन्यजन्तु र यही मौका छोपी वन जङ्गलमा चोरी सिकारी गर्नेमाथि वन कार्यालयले कडा निगरानी बढाएको सूचना अधिकारी चौधरीको भनाइ छ।

लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले डढेलो नियन्त्रण गर्न नगरले दमकल सेवासहित आवश्यक जनशक्ति अहोरात्र खटेका र वन्यजन्तुबारेको गुनासोमा पनि आवश्यक सतर्कता अपनाइने बताए। "मंगलबार पनि वडा नं १५ स्थित बानो गाउँको सामुदायिक वनमा आगलागी भएको खबर पाउनासाथ जनशक्ति र बारुण यन्त्रसहित म आफैं घटनास्थल पुगेँ। स्थानीयवासी, सामुदायिक वनका सदस्य र वारुणयन्त्रको मद्दतले आगलागी समयमै नियन्त्रणमा आयो। अहिले भने वर्षाले केही राहत भएको छ", नगरप्रमुख चौधरीले भने। उनी वन्यजन्तुले यहाँका किसानको बाली र तरकारीमा गरेको नोक्सानीको उचित क्षतिपूर्तिका लागि नगरपालिकाले आवश्यक योजना अगाडि सार्ने बताए। 'वनमा डढेलो लाग्दा वन्यजन्तु वस्तीमा पसेर दुःख दिएको र बालिनालीमा क्षति पुर्‌याएको विषयमा गुनासा आइरहेका छन्। त्यस विषयमा नगरले उचित कदम चल्छ', चौधरीको भनाइ छ।

# आफ्नै घरमा आगो लगाउने सिंह पक्राउ

टुडे समाचारदाता

गौर । अत्यधिक मदिरा सेवन गरी मातिएर आफ्नै घरमा आगो लगाउने एक जनालाई रौतहट प्रहरीले पक्राउ गरेको छ। स्थानीय राजदेवी नगरपालिका ९-ब्रह्मपुरी टोलका ४५ वर्षीय नितेश सिंहलाई पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन्। मादक पदार्थ सेवन गरी आफ्नै टाटीको बेरा र फुसको छानो भएको घरमा आगो लगाएकोमा स्थानीय र प्रहरी टोलीले तत्कालै आगो निभाएको थियो। आगो तत्काल नियन्त्रणमा नआएको भए वरपरका अन्य घर समेत जलेर ठूलो जनधनको क्षति हुन सक्ने प्रबल सम्भावना देखा परेको हुँदा आगो लगाउने नितेश सिंहलाई निजकै घरबाट पक्राउ गरी "आपराधिक उपद्रो" शीर्षकमा मुद्दा दर्ता गरी जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८